मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक ४६ | २०८० साल पुष १८ गते बुधबार | Wednesday 03, January 2024 | सूर्योदयः बिहान ६:५५ बजे | सूर्यास्तः साँझ ५:२४ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## के छ मधेश प्रदेशमा बेरुजुको अवस्था ?

**२०८० वैशाख १५ गतेसम्मको अद्यावधिक विवरण अनुसार**
**कूल बेरुजुः** ६ अर्ब ७६ करोड २२ लाख २७ हजार
**२०७८–७९ को बेरुजुः** एक अर्ब १६ करोड ३३ लाख ९ हजार



**सचिवलाई अतिरिक्त सुविधा**
मधेश प्रदेश सरकारका १३ सचिवले ३७ लाख ७६ हजार रुपैयाँ अतिरिक्त सुविधा लिएका छन् । राजपत्रांकित प्रथम श्रेणी (सहसचिव) प्रदेशको मन्त्रालय सचिव रहने व्यवस्थामा प्रदेश सचिवलाई थप सुविधा दिने निर्णय सरकारले २०७६ साउन १३ गते गरेपछि मधेशका प्रदेश सचिवले ३७ लाख ७६ हजार रुपैयाँ अतिरिक्त सुविधा लिए ।

**भवन निर्माण र सामग्री खरिदमा चार करोड खर्च**
प्रदेश सरकारले क्षेत्राधिकारअन्तर्गत वार्षिक कार्यक्रम र बजेट स्वीकृत गरी कार्यान्वयन गरिरहँदा मधेस प्रदेशको गृह तथा सञ्चार मन्त्रालयले संघीय कार्यालयका भवन निर्माण र सामग्री खरिदका लागि तीन करोड ८७ लाख ३० हजार रुपैयाँ खर्च गरेको विषय महालेखाले उठाएको छ । महिला ब्यारेक, विपत् जोखिम न्यूनीकरण अभ्यास, वाटर रेस्क्यु औजार, सवारीसाधन, भवन, सर्भिलेन्स सिस्टम तथा सूचना प्रविधि जडानलगायतमा ठूलो रकम खर्च भएको छ ।

**एक–एक करोड रुपैयाँ अनुदान**
प्रदेश गृह मन्त्रालयले आमसञ्चार प्राधिकरण, चलचित्र बोर्ड र मिडिया काउन्सिललाई एक–एक करोड रुपैयाँका दरले अनुदान दिएको विषय पनि महालेखाले उल्लेख गरेको छ ।
ती संस्थाको खातामा चार करोड ३२ लाख ३६ हजार रुपैयाँ मौज्दात रहेको महालेखाले औँल्याएको छ । मन्त्रालयले प्रत्येक वर्ष उपलब्ध गराएको अनुदान ती संस्थाहरूले उद्देश्यअनुरूप खर्च नगरी मौज्दात राख्नु उपयुक्त नदेखिएको र मन्त्रालयले पनि संस्थाको कार्यक्षमता र आवश्यकताका आधारमा मात्र अनुदान दिनुपर्नेमा महालेखाले जोड दिएको छ ।

**५१ करोडको स्वास्थ्य सामग्रीमा कैफियत**
प्रदेश स्वास्थ्य तथा आपूर्ति व्यवस्थापन केन्द्रले आर्थिक वर्ष २०७८–७९ मा ५० करोड ७८ लाख ८२ हजार रुपैयाँको मेडिकल औजार, उपकरण खरिद गरेको छ । महालेखाले त्यसमा कैयौँ कैफियत औँल्याएको छ। केन्द्रले खरिद गरेका एक करोड २४ लाख रुपैयाँका सामग्री केन्द्रमै थन्किँदा सर्वसाधारण सेवाबाट वञ्चित भएको बताइएको छ ।
किनिएको उपकरणमै क्षति पुगेको महालेखाले औँल्याएको छ। अस्पतालका लागि खरिद गरिएका कतिपय सामग्री आवश्यक नै नभएका र हस्तान्तरण भएका सामग्री पनि प्रयोगमा नआएपछि महालेखाले प्रश्न उठाएको छ ।

**पहिलो सरकारको बेरुजु पाँच अर्ब**
पहिलो मधेश प्रदेश सरकारको पालामा पाँच अर्ब रुपैयाँ भन्दा बढी बेरुजु रहेको थियो ।
महालेखा परीक्षकको प्रतिवेदनअनुसार सात प्रदेशमध्ये सबैभन्दा बढी बेरुजु रहेको प्रदेश नै मधेश प्रदेश हो । आर्थिक वर्ष २०७८–७९ को प्रतिवेदनमा पाँच वर्षको अवधिमा मधेश सरकारको बेरुजु पाँच अर्ब नाघेको र विकासे मन्त्रालयमा बेरुजु बढी देखिएको पाइएको छ ।
मधेश प्रदेश सरकारमा सबैभन्दा बढी बेरुजु भौतिक मन्त्रालयमा छ । त्यहाँ बेरुजु ३८.८२ प्रतिशत छ । सबैभन्दा कम बेरुजु प्रदेश नीति तथा योजना आयोगमा देखिन्छ । आयोगको शून्य दशमलव ११ प्रतिशत मात्र बेरुजु छ ।




**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**
- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन। जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।**

जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश

# बेरुजु शून्य बनाउने गरी काम गरिरहेका छौँः मुख्यमन्त्री



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले संघीयता महंगो भयो भन्ने बहस नै गलत रहेको जिकिर गरेका छन् ।
'जति अनियमितता छ, त्योभन्दा बढी बदनाम गर्ने प्रयास गरिएको छ, आगामी लेखा परीक्षणमा बेरुजु शून्य बनाउनेछौँ,' यादवले भने, 'हामी यही सोचअनुसार काम गरिरहेक छौँ ।'
लेखा परीक्षण, बेरुजु फछर्यौट तथा सम्परीक्षणसम्बन्धी छलफल तथा अन्तरक्रियामा मुख्यमन्त्री यादवले मधेश प्रदेश संघीयताको जननी भएको दाबी दोहो¥याए ।
उनले भने, 'जनतालाई अनुभूति गराउने किसिमले कार्य गर्न आफूहरु क्रियाशील छौँ ।'
कार्यबाहक महालेखा परीक्षक महेश्वर काफ्लेले सातै प्रदेश र देशको बेरुजुको तथ्य पेश गर्दै समग्र देशको वित्तीय अवस्थाबारे प्रकाश पारेका थिए । 'शासकीय प्रबन्ध राम्रो छैन, तीन तहको सरकारबीच समन्वय छैन, अर्थतन्त्रको सूचकांक पनि राम्रो छैन,' उनले भने, 'उत्पादन धान्न लायक छैन, सार्वजनिक प्रशासनमा सुशासन छैन, भएकै संशाधनको राम्रो सदुपयोग हुनसकेको छैन ।'
उनले २०७८–७९ मा सात प्रदेशका १ हजार २ सय १८ कार्यालयमा लेखा परीक्षण भएकामा सात अर्ब ५० लाख बेरुजु रहेको बताए । उनले ३५ प्रतिशत कम्प्रोमाइज गर्न नमिल्ने बेरुजु भएको उल्लेख गर्दै मधेश प्रदेशलाई वित्तीय अनुशासनयुक्त प्रदेश बनाए फलदायी हुने धारणा राखे ।
उपमहालेखा परीक्षक बिन्दु बिष्टले बेरुजु घटेको प्रसंग उल्लेख गर्दै बेरुजुमा मात्र केन्द्रित नभई भएको राम्रो विषयलाई पनि प्रवर्धन गर्न आग्रह गरे । उनले लेखा समितिलाई सक्रिय हुन सुझावसमेत दिए ।
मधेश प्रदेशका प्रमुख सचिव दिनेश कुमार घिमिरेले लेखा उत्तरदायी अधिकृतले खर्च निगरानी र वित्तीय अनुशासन पालन गर्न ध्यान दिनुपर्ने बताए । मुख्यमन्त्री कार्यालयका तर्फबाट सचिव रामकृष्ण पुडासैनीले मधेश प्रदेशबारे प्रस्तुति गरेका थिए भने प्रदेश लेखा नियन्त्रक वीरेन्द्रकुमार मिश्रले प्रदेशको वित्तीय क्रियाकलापबारे प्रतिवेदन महालेखा परीक्षक काफ्लेलाई हस्तान्तरण गरेका थिए ।

## उपभोग नगरेको विद्युतको महसुल तिर्दैनौँः व्यवसायी




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजका उद्योगी व्यवसायीले नेपाल विद्युत् प्राधिकरणले अनधिकृतरुपमा वीरगंज पथलैया औद्योगिक करिडोरका उद्योगको लाइन काटेर अन्याय गरेकामा आक्रोश व्यक्त गरेका छन् । प्राधिकरणको अव्यवहारिक नीतिका कारण उद्योगी व्यवसायी अन्यायमा परेको वीरगंजका उद्योगी व्यवसायीको भनाइ छ ।
वीरगञ्ज उद्योग वाणिज्य संघको सभाकक्षमा पत्रकार सम्मेलन गरी उद्योगी व्यवसायीले सरकार, उद्योगी र श्रमिकबीचको सम्बन्धलाई प्राधिकरणले बिगार्न खोजेको आरोप लगाए ।
पत्रकार सम्मेलनमा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य डा. सुबोध कुमार गुप्ताले उद्योगमा कुनै पनि बेला ताला लगाउने अवस्था अन्त्य गर्नुपर्ने बताए । उनले भने, 'जबसम्म उद्योग व्यवसाय सञ्चालन हुँदैनन्, तबसम्म देशको आर्थिक अवस्थामा सुधार हुन सक्दैन ।' सरकारले कुनै सहुलियत र व्यवस्था नदिँदा पनि उद्योग सञ्चालन गरेर लाखौँलाई रोजगार दिइरहेका निजी क्षेत्रमाथि हस्तक्षेप कुनै पनि हालतमा सह्य नहुने वीरगंज उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्षसमेत रहेका डा. गुप्ताले बताए ।
वीरगंज पथलैया औद्योगिक करिडोरका ८ उद्योगको विद्युत लाइन काटिएको खबरले निजी क्षेत्रमा निरासा छाएको वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल कुमार अग्रवालले बताए । लाइन काटेर समस्या समाधान हुनुको साटो झनै समस्याले विकराल रुप लिने अग्रवालले दाबी गरे । डेडिकेटेड र ट्रंक लाइनबाट खपत गरेको महसुल तिर्न तयार भए पनि उपभोग नै नगरेको विद्युतको महसुल जर्बजस्त तिराउन खोज्नु अन्याय भएको अग्रवालले बताए । 'हामीले विद्युत महसुल तिर्दैनौँ कहिल्यै भनेका छैनौँ र भन्ने पनि छैनौँ तर उपभोग नै नगरेको महसुल तिराएर हामी उद्योगी व्यवसायीमाथि अन्याय गर्न खोजिएको छ, हामी कदापी सहँदैनौँ ।'
वीरगंज उद्योग वाणिज्य संघका उपाध्यक्ष माधव राजपालले लाइन काटिएका उद्योगको उत्पादन बन्द हुँदा कामदार कर्मचारी सडकमा उत्रिएको बताउदै आर्थिक मन्दीले उद्योग व्यापार धरासायी हुने अवस्थामा पुगेको दाबी गरे । वीरगंज उद्योग वाणिज्य संघका महासचिव आशिष लाठलगायतको उद्योगीको समस्याबारे बताएका थिए ।

## सुनचाँदी पसलमा राजस्वको छापा




**मधेशदृष्टि**
**वीरगंज ।**
राजस्व अनुसन्धान कार्यालय पथलैया बाराबाट खटिएको टोलीले वीरगंजको माईस्थानस्थित आरके एन्ड सन्स सुनचाँदी पसलमा छापा मारेको छ । राजस्वले पसलको कागजपत्र नियन्त्रणमा लिएको छ ।
स्थानीय सुन व्यवसायी रामनाथ साह सोनार सञ्चालक रहेको पसलमा अवैधरुपमा सुनको कारोबार हुने गरेको सूचनाका आाधारमा राजस्व अनुसन्धान टोलीले छापा मारेको बताइएको छ । विशेष सूचनाका आधारमा सुनचाँदी पसलमा छापा मारिएको राजस्व अनुसन्धान कार्यालय पथलैयाका प्रमुख प्रेम प्रसाद देवकोटाले बताए ।
त्रिभुवन विमानस्थलबाट हुने गरेको सुन तस्करीका घटनामा बारा, पर्साका सुनचाँदी व्यावसायीको पनि संलग्नता रहेको समाचार सार्वजनिक भएसँगै राजस्वलगायतका सरकारी निकायले यस क्षेत्रका सुनचाँदी व्यवसायीमाथि कडा निगरानी राख्दै आएका छन् ।

## हिमाल आइरनद्वारा विद्युत् बक्यौता तिर्न सुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
बारा–पर्सा औद्योगिक करिडोरअन्तर्गत परवानीपुरमा सञ्चालनमा रहेको हिमाल आइरन एण्ड स्टिलले डेडिकेटेड तथा ट्रङ्क लाइनबाट विद्युत् खपत गरेबापत गरिएको छुट बिलको बक्यौता रकम तिर्न सुरु गरेको छ ।
८ करोड १२ लाख रुपैयाँ बक्यौतामध्ये हिमाल आइरनले सोमसार पहिलो किस्ताबापत २७ लाख १० हजार रुपैयाँ बुझाएको नेपाल विद्युत् प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक मनोज सिलवालले जानकारी दिए ।
उपकार्यकारी निर्देशक सिलवालले उद्योगले बक्यौताको पहिलो किस्ता बुझाएपछि सोमबार राति सवा ९ बजे विद्युत् लाइन जोडिएको जानकारी दिए । प्राधिकरणले उद्योगको लाइन शुक्रशार काटेको थियो ।
उद्योगले ३६ किस्तामा बक्यौता रकम तिर्नेछ । नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड तथा ट्रङ्क लाइनबाट विद्युत् उपभोग गर्ने उपभोक्तालाई छुट बिलिङ गरिएको विद्युत् खपतको महसुल बढीमा ६० किस्तासम्म तिर्न सक्ने व्यवस्था गरेको छ ।
पुस ६ गते यता प्राधिकरणले ५ करोड रुपैयाँभन्दा बढी बक्यौता रहेका २३ उद्योगको विद्युत् लाइन काटेको थियो ।
डेडिकेटेड तथा ट्रङ्क लाइनबाट विद्युत् उपभोग गरेका कुल ६१ उपभोक्ताको २०८० मंसिर मसान्तसम्म कुल बक्यौता रकम २२ अर्ब २४ करोड रुपैयाँ छ ।

# उखुको भुक्तानी बाँकी नरहेको मन्त्रालयद्वारा जानकारी

**मधेशदृष्टि जनकपुरधाम ।**
कृषि तथा पशुपन्छी विकास मन्त्रालयले उखु किसानले अनुदानबापत पाउने सम्पूर्ण रकम भुक्तानी गरेको छ । आर्थिक वर्ष २०७९–८० को बाँकी रहेको एक अर्ब ३२ करोड रुपैयाँ भुक्तानी गरिसकेको कृषि विभागका महानिर्देशक डा. हरिबहादुर केसीले बताए ।
सरकारबाट पाउने अनुदान रकम नपाएको भन्दै उखु किसानले आन्दोलन सुरु गरेका थिए । आन्दोलनपश्चात् प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले पुस १ गते अर्थमन्त्री डा. प्रकाशशरण महत, कृषिमन्त्री डा. वेदुराम भुसाल, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाल, मुख्य सचिव डा. वैकुण्ठ अर्याललगायत मन्त्रालयका सचिवसहितको छलफलमा उखु किसानले प्राप्त गर्ने अनुदान रकम तत्काल भुक्तानी गर्न निर्देशन दिएका थिए ।
निर्देशनबमोजिम कृषि मन्त्रालयले पहिलो लटमा ८० करोड त्यसपछि ५२ करोड गरी एक अर्ब ३२ करोड रुपैयाँ भुक्तानी गरिसकेको छ ।
सरकारबाट दिइने अनुदान रकम अब बाँकी छैन, चालु आवमा किसानले कति उखु क्रसिङ गराए, त्यसको तथ्याङ्क आइपुगेको छैन ।
तथ्याङ्क आएपछि त्यसको मूल्याङ्कनका आधारमा रकमका लागि प्रक्रिया सुरु गरिने महानिर्देशक केसीले बताए ।
सरकारले हालै यस वर्षको उखुको समर्थन मूल्य ६ सय ३५ रुपैयाँ कायम गरेको छ ।

# भारतीय विदेशमन्त्रीको नेपाल भ्रमणबारे छलफल

**मधेशदृष्टि काठमाडौँ ।**
परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले भारतीय विदेशमन्त्री एस जयशंकरको नेपाल भ्रमणबारे छलफल गरेका छन् ।
विदेशमन्त्री जयशंकरको नेपाल भ्रमणको पूर्वसन्ध्यामा मंगलबार मन्त्री साउदले पूर्व परराष्ट्रमन्त्री, पूर्व परराष्ट्र सचिव र भारतका लागि पूर्व राजदूतहरुसँग छलफल गरेका हुन् । छलफलका क्रममा पूर्व परराष्ट्रमन्त्री, पूर्व परराष्ट्र सचिव र भारतका लागि पूर्व राजदूतबाट नेपाल–भारत सम्बन्धका विभिन्न कार्यसूचीमा सुझाव दिएको मन्त्री साउदले जानकारी दिए । छलफलमा सहभागीहरुले भारतसँगको नेपालको सम्बन्ध महत्वपूर्ण रहेकामा जोड दिँदै सम्बन्धलाई मित्रवत् सुमधुर र पारस्परिक हितमा आधारित साझेदारीका रुपमा अगाडि बढाउँदै लैजानुपर्ने सुझाव दिएको मन्त्री साउदले बताए ।
भारतीय विदेश मन्त्री एस जयशंकर पुस १९ गते नेपाल आउन लागेका छन् । नेपाल भारतको संयुक्त आयोग सहभागी हुन् आइरहेका उनको भ्रमण जलविद्युत् तथा कनेक्टिभिटीमा केन्द्रित रहने जनाइएको छ । आयोगको बैठकमा प्रस्तुत हुने एजेन्डाबारे मन्त्री साउदले पूर्वपरराष्ट्र मन्त्री, भारतका लागि पूर्वराजदूत र पूर्वसचिवहरुसँग पनि छलफल गरेका हुन् । छलफलमा बढ्दो व्यापार घाटाका सम्बन्धमा भारतमा नेपालको निर्यात वृद्धिका उपाय पहिल्याउनुपर्ने, विद्युत् व्यापारलाई विस्तार गर्नुपर्ने, क्रस बोर्डर पूर्वाधार सुदृढ गर्नुपर्ने, विगतमा थालिएका विकास आयोजना समयमै सम्पन्न गर्न जोड दिनुपर्ने, हवाई रुटलगायतका विषय सम्बोधन गर्नुपर्ने विषयमा पनि सुझाव प्राप्त भएको उनले बताए ।
मन्त्रालयमा भएको छलफलमा पूर्व परराष्ट्रमन्त्री डा भेषबहादुर थापा, पूर्व परराष्ट्र सचिवहरु मधुरमण आचार्य, अर्जुन थापा, दुर्गा भट्टराई, भरत पौडेल, पूर्व राजदूत दुर्गेशमान सिंहलगायतको सहभागिता रहेको थियो ।

# सहरी जनसंख्या पाँच प्रतिशतले वृद्धि

**मधेशदृष्टि काठमाडौँ ।**
बसाइँसराइका कारण पछिल्लो दशकमा सहरी जनसंख्या करिब पाँच प्रतिशतले वृद्धि भएको देखिएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्क दिवसका अवसरमा मंगलबार सार्वजनिक गरेको ‘नेपालमा ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरण प्रतिवेदन’ले राष्ट्रिय जनगणना २०६८ र २०७८ को बीचमा सहरी जनसंख्या २२ दशमलव ३१ प्रतिशतबाट उल्लेख्य बढेर २७ दशमलव ०७ पुगेको देखाएको छ । त्यसैगरी सहरोन्मुख जनसंख्या ३९ दशमलव १९ प्रतिशतबाट बढेर ३९ दशमलव ७५ प्रतिशत पुगेको देखिएको छ ।
मुख्यसचिव डा बैकुण्ठ अर्यालबाट सार्वजनिक सो प्रतिवेदनमा पछिल्ला १० वर्षमा ग्रामीण क्षेत्र ३८ दशमलव पाँच प्रतिशतबाट ३३ दशमलव १९ दशमलबमा प्रतिशतमा झरेको देखिन्छ ।
सहरोन्मुख क्षेत्र भए पनि सहरी क्षेत्र मानिएको स्थानमा अझै पनि जनसंख्याको ठूलो हिस्सा रहेको देखिन्छ । ग्रामीण जनसंख्या अझै पनि एक तिहाइ छ जवकी प्रवृत्तिका आधारमा ग्रामीण क्षेत्रबाट सहरोन्मुख र सहरी क्षेत्रमा बसाइँसराइले जनसंख्यालाई सहरी क्षेत्रमा व्यवस्थापन गर्न कठिनाइ भएको र ग्रामीण क्षेत्रमा बसाइँसराइ कम गर्न दबाब परेको देखिएको कार्यालयका प्रवक्ता डा. हेमराज रेग्मीले जानकारी दिए । जनगणना २०७८ अनुसार नेपालमा नगरपालिकाको जनसंख्या ६६ दशमलव १७ प्रतिशत र गाउँपालिकाको जनसंख्या ३३ दशमलव ८३ प्रतिशत रहेको छ ।
नेपालमा ६६ दशमलव १७ प्रतिशत सहरी क्षेत्र छ भन्ने आधार अर्धसहरी वा सहरोन्मुख नगरपालिकाले नदिने हुँदा यस्तो अवस्थामा अन्तर्राष्ट्रिय अभ्यासको अध्ययन गरी त्यसलाई स्थानीयकरण तथा पुर्नपरिभाषित गर्नुपर्ने अवस्थामा प्रतिवेदन तयार गरिएको कार्यालयले जनाएको छ । भौगोलिक क्षेत्रका आधारमा ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरणविधि अनुसारको विश्लेषणले ग्रामीण जनसंख्या पाउमा ६६ प्रतिशत र हिमालमा १६ प्रतिशत केन्द्रित भएको देखाएको छ ।
सहरोन्मुख जनसंख्या तराई क्षेत्रमा ८४ प्रतिशत र पोखरा महानगरपालिका र काठमाडौँका उपत्यका कारण असन्तुलित हुँदै सहरी जनसंख्या पहाडमा ५३ प्रतिशत र त्यसपछि तराईमा ३९ प्रतिशत केन्द्रित भएको देखिएको छ । हाल मुलुकमा दुई सय ९३ नगरपालिका (नौ महानगरपालिका र उपमहानगरपालिकासहित) र चार सय ६० गाउँपालिका गरी ७५३ स्थानीय तह छन् ।
कार्यक्रममा मुख्यसचिव डा अर्यालले मनोगत कुराले नभइ तथ्याङ्क र प्रमाणमा आधारित नीति र कार्यक्रम बनाउन तीनै तहका सरकारका सम्बन्धित कार्यालयले ध्यान दिनुपर्नेमा जोड दिए । उनले तथ्याङ्क कार्यालयको पुनःसंरचनासहित नियमावली ल्याउन सरकारले गृहकार्य गरिरहेको बताए ।
राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी तोयम रायले कार्यालयको जनशक्ति नघट्ने अपेक्षा गर्दै सङ्घीयताको मर्म अनुसार तथ्याङ्कका काम तीन तहको समन्वयमा हुनुपर्ने र आफ्नो कार्यालयले केन्द्रस्तरको भूमिका निर्वाह गर्ने बताए ।

# ‘जनतासँग माओवादी अभियानले आसा जगायो’

**मधेशदृष्टि काठमाडौँ ।**
नेकपा माओवादी केन्द्रले सञ्चालन गरेको चारमहिने ‘जनतासँग माओवादी रुपान्तरण विशेष अभियान’ले कार्यकर्तामा थप उत्साह र जनतामा आशा जगाएको जनाएको छ ।
पार्टी मुख्यालय पेरिसडाँडामा मंगलबार पत्रकार सम्मेलन गरेर माओवादी प्रवक्ता अग्निप्रसाद सापकोटाले निर्वाचनका समयमा मात्रै नभई अन्य समयमा पनि माओवादी जनताको बीचमा आउँछन् भन्ने अभियानबाट पुष्टि भएको जिकिर गरे । ‘अभियान सफल भएको छ, टोल कमिटीदेखि सङ्गठन निर्माण भएका छन्, पार्टी तथा सङ्गठन सक्रिय भएको छ,’ उनले भने, ‘पार्टीबाट पलायन हुने क्रम रोकिएर पुराना नेता कार्यकर्ता पुनः जोडिएका छन्, पार्टी प्रवेशको लहर चलेको छ ।’
अभियानले पार्टीलाई रुपान्तरण गरेर एकताबद्ध बनाएको उल्लेख गर्दै उपाध्यक्ष सापकोटाले नेता, कार्यकर्ता र जनतामा नयाँ आशा र उत्साह पैदा भएको बताए । ‘जनताको आशा माओवादी पार्टीसँगै रहेको पाइएको छ, जनताले अभियान निरन्तरताको माग गरेका छन्,’ उनले भने ।
रुपान्तरण अभियानका क्रममा पार्टी, सङ्गठन तथा मोर्चामा रहेको अन्तरविरोध सतहमा आएको जनाउँदै प्रवक्ता सापकोटाले पार्टी विधानअनुसार चल्नुपर्छ भनेर कार्यकर्ताले नेतृत्वको ध्यानाकृष्ट गराएका बताए ।
माओवादीका १२ राष्ट्रिय सभामा आकांक्षी
सरकारको बागडोर सम्हालेको नेकपा माओवादी केन्द्रले राष्ट्रियसभामा गठबन्धन दलबीच भागबन्डा हुँदा कति सिट पाउँछ भन्ने टुंगो लागिसकेको छैन ।
माओवादीले ६ सिट पाउनुपर्ने दाबी गरिरहँदा पार्टीका १२ जना राष्ट्रिय सभामा आकांक्षी देखिएका छन् ।
फागुन २१ मा माओवादीतर्फका ३ जना सांसद पदमुक्त हुँदैछन् ।
यसबाहेक एमालेबाट रिक्त हुने ९ सिटमध्ये थप तीन सिटमा माओवादीको दाबी छ ।
माओवादीबाट कोशी प्रदेशमा लक्ष्मी न्यौपाने, चम्पा कार्की, लता न्यौपाने, ममता राजवंशी र कृष्णकुमारी राईको आकांक्षा देखिएको छ । पुरुषतर्फ अजम्मर काङमाङ राई, टंक गिरी र भोगेन्द्र यादवको पनि चर्चा छ ।
ललितपुर–३ बाट निर्वाचन पराजित पम्फा भुसाल, महोत्तरी–१ बाट पराजित गिरिराजमणि पोखरेल, धनुषा–१ बाट पराजित मात्रिका प्रसाद यादव, कपिलवस्तु–१ बाट पराजित चक्रपाणि खनाल, तथा लमजुङबाट पराजित माओवादी महासचिव देव गुरुङको नाम पनि राष्ट्रिय सभाका लागि चर्चामा छ । तर पोखरेलले आफू दौडधूपमा नरहेको बताएका छन् ।
पूर्वविद्यार्थी नेता लेखनाथ न्यौपानेको राष्ट्रिय भामा जाने चर्चामा छ । माओवादी महासचिव गुरुङले पनि राष्ट्रियसभामा जाने सोच नबनाएको बताएका छन् ।

# कांग्रेसलाई राष्ट्रिय सभा अध्यक्ष

**मधेशदृष्टि वीरगंज ।**
फागुन २१ देखि रिक्त हुने राष्ट्रियसभाको अध्यक्ष नेपाली कांग्रेसले पाउने भएको छ । सत्ता गठबन्धन कांग्रेसलाई अध्यक्ष दिन सहमत भएको छ । फागुन २१ गते राष्ट्रियसभाका अध्यक्ष गणेश प्रसाद तिमिल्सिनासहित २० जनाको पदावधि सकिँदैछ ।
पदावधि सकिनेमा एमालेका ९, कांग्रेसका ४, माओवादी केन्द्र ३ र नेकपा एकीकृत समाजवादीका खिमलाल देवकोटासहित ३ जना सांसद छन् । जसपा एकजना सांसदको पनि पदावधि सकिँदैछ ।
फागुन २१ मा रिक्त हुने १९ सिटका लागि माघ ११ गते निर्वाचन हुँदैछ । निर्वाचनले १९ सांसदलाई छान्नेछ भने एक सांसद मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले मनोनीत गर्ने छन् ।
राष्ट्रिय सभामा एमालेबाट गुम्ने सम्भावनाा ९ सिटमध्ये कांग्रेसले ४ सिटमा दाबी गरेको छ ।
योसहित कांग्रेसले ८ सिटमा अडान राखेको छ । अन्य दलले अध्यक्षसहित ७ सिट लिन कांग्रेसलाई भनिरहेका छन् ।
राष्ट्रियसभा अध्यक्षमा कांग्रेसको संस्थापन पक्षले कृष्णप्रसाद सिटौलालाई अगाडि सारेको छ ।
कांग्रेसमा दुई गुट छ । अध्यक्षमा सिटौलालाई पठाए संस्थापन इतर समूह शेखर पक्षले ४ सिट मागिरहेको छ । तर देउवा यसमा तयार देखिएका छैनन् ।

# शिक्षा र खेलकुद एक सिक्काका दुई पाटा हुन्ः राष्ट्रपति

**रासस काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले कक्षाकोठाको शिक्षाले विद्यार्थीको आँखा र मस्तिष्क खुलाउने र खेलकुदले मस्तिष्क, हातखुट्टा एवं मनलाई क्रियाशील तथा अनुशासित बनाउने बताएका छन् ।



काठमाडौँ महानगरपालिकाद्वारा मंगलबार आयोजित तेस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले भने, ‘अतिरिक्त क्रियाकलाप र खेलकुद शिक्षालाई पूर्ण बनाउने र विद्यार्थीमा सीप, ज्ञान, सामाजिक मूल्यको आर्जन र कार्य तत्परता विकास गर्ने खुला मैदान हुन् ।’ राष्ट्रपति पौडेलले शिक्षा र खेलकुद एक सिक्काका दुई पाटा भएको उल्लेख गर्दै शिक्षण सिकाइ विद्यार्थीका लागि शरीरमा मुटुजस्तै र शिक्षण सिकाइमा खेलकुदको समाविष्टता स्वनिर्भरता र सशक्तीकरणको प्राण भएको बताए । उनले भने, ‘खेलकुदकै माध्यमले युवा विद्यार्थीले आफ्नो आत्मविश्वास, सकारात्मक अनुभूति र प्रतिभाको विकास गर्न सक्छन् । खेलकुद क्षेत्रको विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तीन तहबाट यसमा यथेष्ट प्रयत्न होऊन् भनेर म सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छु ।’
राष्ट्रपति पौडेलले पुस्तक र विद्यालयको सीमाको सिकाइले मात्र विद्यार्थीलाई पूर्ण बनाउन नसक्ने भन्दै यसका लागि परिवार, समाज र परिवेश समावेश हुने, खुला गरेर सिक्ने तथा गरिखाने पुस्तकविहीन शिक्षा आवश्यक रहेको बताए ।
विद्यार्थी शिक्षामा निरन्तर अग्रसर हुँदा उनीहरूमा नयाँ विचार र नवप्रवर्तन क्षमता पनि विकास हुने उनले बताए । उनले भने, ‘खेलकुदले युवालाई शारीरिक रूपमा स्वस्थ र कामका लागि तयार बनाउँछ ।
यो उनीहरूलाई ऊर्जा, सजीवता र सामथ्र्य दिने माध्यम तथा स्वास्थ्य ठीक राखी शिक्षामा अग्रसर हुने र आफ्नो जीवनमार्गमा सफल बनाउने कारक पनि हो ।’
राष्ट्रपति पौडेलले खेलकुदले सामाजिक जीवनलाई समृद्धिपूर्ण बनाई सांस्कृतिक अनुभूति प्रदान गर्ने उल्लेख गर्दै खेलकुदमा भाग लिने विद्यार्थी एकअर्काप्रति सहयोगी भई सामूहिक प्रयत्न र सामाजिक भावनातर्फ अग्रसर हुनसक्ने बताए । उनले भने, ‘यो परिवार, समाज र राष्ट्रलाई समृद्ध बनाउने असल मार्ग हो भन्ने मलाई लाग्छ । खेलकुदले युवामा नेतृत्वको विकास गराई जटिल परिस्थितिमा सहजताका साथ प्रतिस्पर्धा गर्ने क्षमता प्रदान गर्ने भएकाले यसमा सहभागी हुनेले धैर्य र समर्थनको भावना विकास गर्न सक्नुपर्छ जुन हाम्रो राष्ट्रका लागि आजको आवश्यकता हो ।’
काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले खेलकुद शारीरिक र मानसिक रुपमा सशक्त बनाउने माध्यम भएकाले विद्यार्थीमा त्यस किसिमको विकास हुन आवश्यक रहेको विचार व्यक्त गरे ।
महानगरपालिकाका उपप्रमुख सुनिता डङ्गोलले राष्ट्रिनिर्माण र विकासमा खेलाडीको भूमिका प्रभावकारी र सक्षम हुनपर्ने भएकाले स्थानीय, प्रदेश र सङ्घस्तरीय नै विभिन्न खेल प्रतियोगिताको आवश्यकता रहेको बताइन् । खेलाडीको उत्पादनमा विकास होस् भन्ने आशाले महानगरपलिकाले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरेको उनले बताइन् ।
तीन दिनसम्म सञ्चालन हुने प्रतियोगितामा भलिबल, कबडी, तेक्वान्दो, एथलेटिक्स, कराते र उसु गरी छ विधामा प्रतिस्पर्धा हुने उपप्रमुख डङ्गोलले जानकारी दिइन् । प्रतियोगितामा ८३ विद्यालयका तीन हजार दुई सय ५० विद्यार्थीले भाग लिनेछन् ।


हार्दिक **बधाई** तथा शुभकामना

राष्ट्रिय सहकारी बैंक लि. जनकपुरधाम शाखाका **शाखा समन्वय उपसमितिको सदस्य** पदमा मनोनीत भएका वैष्णवी बचत तथा ऋण सहकारी संस्था लि. का प्रमुख कार्यकारी अधिकृत हाम्रा मित्र **श्री जयनाथ मण्डल** ज्यूलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

सुरज मंडल
अध्यक्ष
**माँ दक्षिणकाली बचत तथा ऋण सहकारी संस्था लि.**
रामानन्द चौक, जनकपुरधाम



**बाल संरक्षण संस्था**
लालबन्दी ९, सर्लाही

**शिलबन्दी बोलपत्र आह्वानको सचना**

प्रथम पटक प्रकाशित मितिः २०८०/०९/१८

युन डि पी को र विश्व शिक्षाको सहयोग तथाबाल संरक्षण संस्थाद्वारा संचालित महामारी रोकथाम र हरियो पु:न प्राप्त (रिकोभरी) का लागि दुर्गम क्षेत्रका सामुदायिक विद्यालयहरुलाई सहयोग, (SGR) अन्तर्गत विद्यालयहरुको लागि समाग्री खरिद गर्नको लागि यस संस्थाले यस जिल्लामा बरहथवा नगरपालिका, कविलासी न.पा., मलंगवा न.पा., गोडैता न.पा. र बलरा नगरपालिकामा विद्यालयहरुको लागि विभिन्न समाग्रीहरु खरिद गर्नुपर्ने भएकोले ईच्छुक आपूर्ती कर्ता/विक्रेताहरुबाट रीतपूर्वक शिलवन्दी बोलपत्र आव्हान गरिन्छ ।

| क.सं. | बोलपत्र नं. | समाग्री विवरण | परिमाण | वोलपत्र पेश गर्ने तरिका |
|---|---|---|---|---|
| १ | CPO-TN1-080/81 | फर्निचर उपकरण समाग्रीहरु | बोलपत्र फारममा उल्लेख भए बमोजिम | प्रस्तावनाको सक्कल शिलबन्दी बोलपत्र दाखिला गर्ने । |
| २. | | स्वछता उपकरण समाग्रीहरु | बोलपत्र फारममा उल्लेख भए बमोजिम | प्रस्तावनाको सक्कल शिलबन्दी बोलपत्र दाखिला गर्ने । |
| ३. | | शौचालय स्तरोन्नतिको लागि उपकरण सामाग्रीहरु | बोलपत्र फारममा उल्लेख भए बमोजिम | प्रस्तावनाको सक्कल शिलबन्दी बोलपत्र दाखिला गर्ने । |

१. यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले **२१ दिन**भित्र ईच्छुक ईजाजतप्राप्त आपूर्तीकर्ता/विक्रेताले (१) दर्ता प्रमाण पत्र, (२) मु.अ.कर वा पानमा दर्ता भएको प्रमाणपत्र (३) आर्थिक वर्ष २०७९/८० को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपिका साथ बोलपत्र फारम पेश गर्न अनुरोध गरिन्छ ।
२. बोलपत्र सम्बन्धि फारम र कागजात यस संस्थाको कार्यालय लालबन्दी न.पा वडा नं. ९ बाट प्राप्त गर्न सकिन्छ वा cposarlahi@gmail.com ईमेल मार्फत बोलपत्र सम्बन्धि फारम प्राप्त गर्न सकिन्छ ।
३. बोलपत्र सम्बन्धि कागजात (Hard Copy) रीतपूर्वक भरी प्रत्येक पानामा सही छाप गरी शिलबन्दी गरी संस्थाको कार्यालयमा मिति **२०८०/१०/०९ गते बेलुकी ४ बजे**भित्र बुझाउनु पर्नेछ ।
४. बोलपत्र खोल्ने तथा निर्णय गर्ने अधिकार संस्थाको **बाल संरक्षण संस्थामा** निहित हुनेछ । कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार **बाल संरक्षण संस्था** समितिमा निहित रहने छ ।
५. बोलपत्र प्राप्त गर्ने र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिनमाथि उल्लेख गरिएको मिति र समयमा बोलपत्र प्राप्त गर्ने र पेश गर्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अबस्थामा बोलपत्रको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ । शिलबन्दी बोलपत्र खोल्ने मिति २०८०।१०। १० गते बिहान ११ बजेदेखि हुनेछ ।
६. बोलपत्र सम्बन्धि थप अन्य कुनै जानकारी आवश्यक भएमा यस संस्थाको आर्थिक प्रशासन शाखामा सम्पर्क राख्नु हुन अनुरोध छ वा संस्थाको **adhikarir842@gmail.com** ईमेलबाट जानकारी प्राप्त गर्न सकिन्छ ।
८. यस सूचनामा उल्लेख गरिएका शर्तहरू यसै सूचना बमोजिम र अन्य आवश्यक कुराहरूको हकमा यसै संस्थाको परिमार्जित खरिद सम्वन्धित नीति २०७३ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

**बाल संरक्षण संस्था**
लालबन्दी ९, सर्लाही, मधेश प्रदेश
फोन नं. ९८४२१४६१८५, ९८४७६३८३६७०४६-५०१२४०

# सवारी दुर्घटनामा दुई भारतीय नागरिकको मृत्यु



**मधेशदृष्टि**
**वीरगंज ।**
सवारी दुर्घटनामा परी घाइते भएका दुई जना भारतीय नागरिकको मृत्यु भएको छ । ट्यांकरले अटोलाई ठक्कर दिँदा गम्भिर घाइते भएका दुई जना भारतीय नागरिकको उपचारको क्रममा वीरगंजको नारायणी अस्पतालमा मृत्यु भएको हो । सोमबार राति पूर्व–पश्चिम राजमार्गअन्तर्गत रौतहटको चन्द्रपुर नगरपालिका वडानम्बर ५ चिडियादह चोक नजिक सर्लाही जाँदै गरेको ट्यांकरले पूर्वबाट आउँदै गरेको अटोलाई ठक्कर दिएको थियो । अम्लेखगञ्जबाट सर्लाहीतर्फ जाँदै गरेको प्रदेश २–०३–००१ ख १९२७ नम्बरको तेल बोक्ने ट्यांकरले बागमतीको नुनथरबाट चन्द्रनिगाहपुरतर्फ आउँदै गरेको गरेको ज १ ह ४४८५ नम्बरको अटोलाई ठक्कर दिएको थियो । ट्यांकरको ठक्करबाट अटोमा सवार भारतको सितामाढी जिल्ला डुमरी बस्ने ३५ वर्षीय पिंकु सिंह र सोही गाउँ बस्ने २२ वर्षीय अवधेश गम्भीर घाइते भएपछि उनिहरुलाई थप उपचारका लागि वीरगंजमा ल्याइएको र उनिहरुको नारायणी अस्पालमा उपचारका क्रममा मृत्यु भएको पर्सा प्रहरीले जनाएको छ । उनीहरु दुवै जना अंग्रेजी नयाँ वर्ष मनाउन बागमतीको नुनथर आएका थिए । प्रहरीका अनुसार टेम्पोमा ६ जना सवार थिए । दुर्घटनामा टेम्पो चालक सर्लाहीको बागमती नगरपालिका–६ खाल्टे बस्ने ४४ वर्षीय भुपेन्द्र सहनीसहित घाइते भएका छन् । घाइतेहरुको चन्द्रपुर अस्पतालमा उपचार भइरहेको छ । अटोलाई ठक्कर दिने ट्यांकरका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## धितो लिलामी गर्ने बारे १५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८०/०९/१८ गते)**

तपशिलमा उल्लेखित ऋणी संस्थाले **बर्दिवास** शाखाबाट उपभोग गरेको कर्जाको सावां, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्वन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा ताकेता गर्दा साथै मिति २०८०/०८/११ गते मधेश दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना र मिति २०८०/०७/०१ गते मधेशदृष्टि पत्रिकामा धितो लिलामी गर्ने बारे ३५ दिने सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको सावा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्बन्धि १५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा बित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहीं कतै उजुर बाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : सितामाई कृषि सहकारी संस्था लिमिटेड ।**
**रजिष्टर्ड ठेगाना : भंगहा- ४, महोतरी ।** **दर्ता नं:- १७४०/०७२/७३**

**संचालक तथा जमानीकर्ताको विवरण**

| | | |
|---|---|---|
| **१) नाम : अनिल कुमार सिंह (अध्यक्ष जमानीकर्ता)**<br>बुवा : अरुण कुमार सिंह<br>बाजे : मोती प्रसाद सिंह<br>ना प्र नं. : १२७२५०९१<br>ठेगाना : भंगहा-३, महोतरी | **२) नाम : श्रवण कुमार सिंह (उपाध्यक्ष जमानीकर्ता)**<br>बुवा : विनय कुमार सिंह<br>बाजे: शिब लाल सिंह<br>ना.प्र.नं : १८३०६१।१९७<br>ठेगाना : भंगहा-३, महोतरी | **३) नामः कैलाश साह तेली (सचिव जमानिकर्ता)**<br>बुवा : नन्टुन साह तेली<br>बाजे : दुलार साह<br>ना.प्र.नं : १२७२५००६<br>ठेगाना : भंगहा-८, महोतरी |
| **४) नाम : सन्जु कुमारी साह (कोषाध्यक्ष जमानिकर्ता)**<br>बुवा : मुसाफिर साह तेली<br>ससुरा : लाल विहारी साह<br>पति : रामदेव साह<br>ना.प्र.नं : १८-१-०६२-३६२<br>ठेगाना : भंगहा-९, महोतरी | **५) नाम : जय चन्द्र सिंह (संचालक जमानिकर्ता)**<br>बुवा : गोनी<br>बाजे : तिलक महतो<br>ना.प्र.नं : १८६२।२०४<br>ठेगाना : विष्णुपुर-४, सिरहा | **६) नाम : उमेश यादव (संचालक जमानिकर्ता)**<br>बुवा : झपसी यादव<br>बाजे : रामेश्वर यादव<br>ना.प्र.नं : १२७५५७९२<br>ठेगाना : भंगहा-८,महोतरी |

**७) नाम : लाल वावु सिंह दनुवार (संचालक जमानिकर्ता)**
बुवा : धनपत दनुवार, बाजेः हेम नारायण सिंह, ना.प्र.नं : १८३०६१।३०४, ठेगाना : भगहा-४, महोतरी

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१.श्री तिलक महतो को नाति श्री गोनी को छोरा जिल्ला सिरहा गा.वि.स.विष्णुपुर वडा नं.४ बस्ने ६१ बर्ष को श्री जय चन्द्र सिंह को नाममा मालपोत कार्यालय बर्दिवास मा दर्ता श्रेस्ता कायम रहेको जिल्ला महोतरी गा.वि.स.भंगहा वडा नं.४क को कित्ता नं.५८४ को क्षेत्रफल ०-१-१९-० जग्गा सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु :**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालय बर्दिवासबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।

(२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।

(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.**००१०००१४८६६०००००१**मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै बर्दिबास शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।

(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, पूँजिगत लाभकर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ ।

(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।

(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।

(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।

(१०) लिलाम सूचना प्रकाशित मितिले १५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । उक्त दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिने छ । लिलाम सूचना प्रकाशित मितिले १६ औं दिनको ३:०० बजे बैंकको केन्द्रीय कार्यालयमा बोलपत्र खोलिने छ । यदि १६ औं दिनमा सार्वजनिक विदा परेमा सोको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिने छ । १५ दिन सम्म ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।

(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

(१२) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop

# भन्सार छलीको सामान बरामद



**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल पर्साले एकै दिन २४ लाख रुपैयाँ बराबरको भन्सार छलीका विभिन्न सामान बरामद गरेको छ ।
सशस्त्र प्रहरी बल नं. १३ गणले कुर्ता सुरुवाल, थानको कपडा, काँस जस्तो देखिने धातु र प्याज बरामद गरेको हो ।
सशस्त्र प्रहरी उपरीक्षक किशन कर्मचार्यकाअनुसार वीरगंज महानगरपालिका– २ भकुवामा सशस्त्रको टोलीले भारतबाट चार जनाले टाउकोमा बोकेर ल्याइरहेको पाँच लाख ३२ हजार रुपैयाँ बराबरको कपडा बरामद गरेको छ । सोही टोलीले वीरगंज १ छठघाट नजिकै ६९ हजार रुपैयाँ बराबरको कपडा बरामद गरेको छ । त्यस्तै सशस्त्र प्रहरीको गस्ती टोलीले पर्साको विन्दवासिनी गाउँपालिका– ३ झौवाबाट करिब ७० हजार रुपैयाँ मूल्य बराबरको काँस जस्तो देखिने धातु बरामद गरेको छ ।
सशस्त्र प्रहरीले चोरी तस्करी गरि १७ लाख मूल्य बराबरको प्याजसहित प्रदेश २–०३ च ५४८९ नम्बरको पिकअप गाडीसमेत नियन्त्रणमा लिएको छ । आवश्यक कारवाहीका लागि भन्सार छलीका सामान वीरगंज भन्सार कार्यालय पठाएको सशस्त्र प्रहरी उपरीक्षक कर्मचार्यले जानकारी दिए ।

# साधुहरुलाई कम्बल वितरण



**मधेशदृष्टि**
**महोत्तरी ।**
मटिहानी नगरपालिकामा रहेको प्रसिद्ध लक्ष्मीनारायण मठमा रहदै आइरहेका साधुहरुलाई चिसोबाट जोगिन कम्बल वितरण गरिएको छ ।
मंगलबार एक समारोहकाबीच मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डलले कम्बल वितरण गरेका हुन् ।
मधेश प्रदेशमा केहि दिनदेखि बढेको चिसोबाट प्रभावित भएका साधुहरुको समस्यालाई मध्यनजर गर्दै उनीहरुलाई राहत स्वरुप कम्बल वितरण गरिएको नगर प्रमुख मण्डलले बताए । कार्यक्रममा बाबामजारको सरसफाई तथा रेखदेख गर्दै आइरहेका हसन फकीरलाई पनि कम्बल वितरण गरिएको छ ।
चिसोबाट जोगिनका लागि आफूहरुले कम्बल पाएपछि राहत महशुस भएको साधुहरुले खसी व्यक्त गरेका थिए ।
करिब ४० जना साधुहरुलाई कम्बल वितरण गरिएको नगरपालिकाले जनाएको छ ।
कार्यक्रममा मटिहानी नगरपालिका वड़ा नं. ६ र ८ का वड़ा अध्यक्ष कलीम अंसारी र रितेश साह, शिक्षा शाखा प्रमुख चन्देश्वर साह, राजकीय संस्कृत माविका प्रधानाध्यापक ईश्वरी पौडेल लगायतको सहभागिता थियो ।

# प्रजातान्त्रिक आन्दोलनका योद्धा मिश्रको निधन



**मधेशदृष्टि**
**महोत्तरी ।**
नेपालको प्रजातान्त्रिक आन्दोलनका योद्धा त्रिपुरारी मिश्रको ५४ वर्षको उमेरमा निधन भएको छ । महोत्तरीको पिपरा गाउँपालिका–३ का बासिन्दा रहेका मिश्रको सोमबार राति निधन भएको हो ।
उनी लामो समयदेखि उच्च रक्तचाप र मधुमेहबाट पीडित थिए । पञ्चायतकालमा किशोरवयमै नेपाल विद्यार्थी सङ्घमा आबद्ध भएर नेता मिश्रले प्रजातान्त्रिक आन्दोलनमा योगदान गरेको नेपाली कांग्रेस महोत्तरीका नेता बजरङ्ग नेपालीले बताए । विसं २०४६ सालको जनआन्दोलनले प्रजातन्त्र पुनःस्थापना गरेपछि नेपाली कांग्रेसमा क्रियाशील भएका मिश्रको योगदान अनुकरणीय रहेको नेपाली कांग्रेस महोत्तरीका सभापति नागेश्वर यादव र नेकपा एमालेका जिल्ला अध्यक्ष कालीचन्द्र साहले शोक वक्तव्यप्रकाशन गरेर बताएका छन् । स्वर्गीय मिश्रका पत्नी, एक छोरा र एक छोरी छन् ।

# भन्सार छलीको मोबाइल बरामद



**मधेशदृष्टि**
**रौतहट ।**
ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर रौतहटले अवैध रुपमा भन्सार छली गरी ल्याइएको विभिन्न कम्पनीको मोबाईलहरु बरामद गरेको छ । प्रहरी टोलीले चन्द्रपुर नगरपालिका वडा नं.५ तल्लोबजार स्थित चपुर गौर सडक खण्डमा चेक प्वाईन्ट खडा गरी सवारी साधनहरु चेकजाच गर्ने क्रममा दक्षिण गौर तर्फबाट उत्तर चन्द्रनिगाहपुरतर्फ आएको यात्रु वाहक बसबाट मोवाइल बरामद गरेको हो ।
चेकजाँचको क्रममा बसको डिक्कीमा रहेको ३ वटा बोरा भित्र रहेको कार्टुनमा विभिन्न कम्पनीहरुको मोबाईलहरु फेला परेको हो । बसमा सवार यात्रुहरुलाई सोधपुछ गर्दा मोवाईलको स्वामित्व कसैले स्वीकार नगरेको र आवश्यक बिल तथा कागजातपत्र पेश गर्न नसकेको हुनाले मोबाईलहरु बरामद गरेको रौतहट प्रहरीले जनाएको छ ।
अवैध रुपमा भन्सार छली चोरी पैठारी गरी ल्याएको आठ लाख अठार हजार नौ सय छ रुपैयाँ बराबरको ३८७ थान मोवाइल बरामद गरिएको हो ।
बरामद गरिएको मोवाईलहरु आवश्यक कारवाहिको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको रौतहट प्रहरीले जनाएको छ ।

# प्रेस सेन्टरको विधान सम्मेलन वीरगंजमा हुने

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा माओवादी केन्द्र निकट पत्रकारहरुको संगठन प्रेस सेन्टर नेपालको स्थापनादिवस तथा प्रथम विधान सम्मेलन वीरगंजमा हुने भएको छ ।
नेपालको प्रमुख प्रवेशद्वार तथा आर्थिक र आद्योगिकनगरी वीरगंजमा आगामी माघ १३, १४ र १५ गते विधान सम्मेलनसहित स्थापना दिवस पनि मनाउने निर्णय यसअघि नै केन्द्रीय समितिको बैठकले गरिसकेको छ । विधान सम्मेलन र स्थापना दिवसको तयारीका लागि प्रेस सेन्टर नेपालका अध्यक्षसहितको पदाधिकारीको टोलीले वीरगंजमा विभिन्न निकायहरुसँग छलफल गरेको छ । प्रेस सेन्टर नेपालका अध्यक्ष विष्णु सापकोटा ‘जुगल’, उपाध्यक्ष तथा मधेश प्रदेश इञ्चार्ज गोविन्द देवकोटा, उपाध्यक्ष तथा बागमती प्रदेश इञ्चार्ज लक्ष्मण खड्का, उपाध्यक्ष निर्मल ज्ञवाली र सचिवालय सदस्य अमृतराज उपाध्यायसहितको टोलीले वीरगंजमा कार्यक्रम स्थलको अवलोकनसहित वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंह र पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालसँग छलफल गरेको छ । छलफलका क्रममा अध्यक्ष सापकोटाले वीरगंजमा विधान सम्मेलन र स्थापना दिवस मनाउन लागिएको जानकारी दिदै कार्यक्रममा नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ नै आउने बताए । प्रधानमन्त्रीकै उपस्थितिमा विधान सम्मेलन र स्थापना दिवस मनाउने तयारी गरेको छ । जिल्ला प्रशासन कार्यालय पर्सामा भएको भेटघाट तथा छलफलमा सहायक प्रमुख जिल्ला अधिकारी सानुबाबु अधिकारी, शिव लम्सालगायतको सहभागिता रहेको थियो ।



म जिन्दगीमा पटकपटक असफल भएँ,
यसैले त आज म सर्वाधिक सफल हुनसकेँ।
–माइकल जोर्डन

## सम्पादकीय

# असन्तुष्टीका स्वरहरुको सङ्केत

सात वटा प्रदेश र एउटा केन्द्र गरी आठ वटा सरकारले आफ्नो कार्यकालको एक वर्ष पूरा गरिसकेका छन् । अघिल्लो वर्ष मंसिर ४ गते भएको आम निर्वाचनबाट सातवटा प्रदेश र केन्द्रमा गरी आठ वटा नयाँ सरकारको एक वर्षे अवधिको लेखाजोखा भइरहेको छ । केन्द्रमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले केही दिन अघि मात्र आफूले एक वर्षको अवधिमा गरेका कामहरुको फेहरिस्त सार्वजनिक गरे । सरकारले गरिरहेको काममा स्वयम् आफै पनि सन्तुष्ट नरहेको स्वीकार गरेका प्रधानमन्त्री दाहालले कार्यशैली बदलेर संरचनात्मक सुधारमा लाग्ने उद्घोष पनि गरेका छन् । तर, प्रधानमन्त्रीको भनाइमा विश्वास गर्ने पर्याप्त आधारहरु भने छैनन् । केन्द्रदेखि प्रदेशसम्म बनेका सरकार र सरकारमा सहभागी मन्त्रीहरुको कार्यशैलीमा आम नागरिकहरु मात्रै होइन स्वयम् सरकारमा सहभागी दलहरु सन्तुष्ट छैनन् भन्ने कुरा प्रष्ट छ । पछिल्ला दिनहरुमा सरकारमा सहभागी दलहरु नै सरकारको काम कारबाहीलाई लिएर सन्तुष्ट नरहेको अवस्थामा आम नागरिकमा असन्तुष्टी बढ्नुलाई अस्वभाविक मान्न सकिन्न ।

आम निर्वाचन सम्पन्न भए लगतै सरकार निर्माणका लागि केन्द्र र प्रदेशहरुमा देखिएका राजनीतिक परिदृश्यहरु अझै पनि ताजै छन् । नेपाली राजनीतिमा एकले अर्कोको खुट्टा तान्ने प्रवृति पूरानै रोगका रुपमा विकसित छ । राजनीतिक खिचाँतानीको सिकार बन्ने गरेका राजनीतिक दलहरुप्रति नागरिकमा वितृष्णा व्याप्त छ । जुन कुरा स्वयम् राजनीतिक नेतृत्वले स्वीकार गर्दै आएको छ । तर, पनि परिस्थितिलाई सुधार गर्नमा राजनीतिक दलहरुले ध्यान दिन सकिरहेका छैनन् । बरु उल्टै त्यही नागरिक असन्तुष्टी पूराना राजनीतिक दलहरुका लागि चुनौति बन्दै गइरहेको छ । त्यसैको परिणाम गत वर्षकै चुनावमा केही नयाँ राजनीतिक दलहरु र केही स्वतन्त्र उम्मेदवारहरुले सहज जित हासिल गरे । अहिले पनि अवस्थामा तात्विक केही सुधार हुन सकिरहेको छैन । यस्तो अवस्थामा आगामी निर्वाचन कसका लागि कति घातक बन्न सक्छ अनुमान गर्न गाह्रो छैन । अहिलको राजनीतिक परिस्थितिकै उपज पछिल्लो समय एक पछि अर्को दल तथा शक्तिहरु सरकारका विरुद्ध लड्न खोजिरहेका छन् । चाहे काठमाडौंमा सडक आन्दोलन गर्ने दुर्गा प्रसाईहरु हुन् या मधेशमा आइटी आर्मीको तालिम दिइरहेका प्रभु साह नै किन नहुन् । सरकारको कार्यशैलीलाई लिएर नागरिकस्तरमा जनमत बटुलिरहेका छन् ।

तीन तहका सरकारबाट अपेक्षाकृत ढंगबाट काम हुन सकेन भने नागरिकले त्यसको दोषी राजनीतिक दलहरु वा नेतृत्वकर्ता हुन भनेर ठान्ने अवस्था छैन । उनीहरुले त यो व्यवस्थाकै उपज अहिलेको अवस्था बदलिन नसकेको भन्दै व्यवस्थाका विरुद्ध लाग्ने खतरा झनै बढ्दो छ । त्यसैले यस्तो खतरालाई रोक्न प्रदेश र केन्द्र सरकारको नेतृत्व गरिरहेका दलहरु बढी जिम्मेवार बन्नुपर्ने हुन्छ । विद्यमान परिस्थितिको सही मूल्याङ्कन गरी बाँकी कार्यकाललाई परिणाममूखि बनाउन प्रदेश र केन्द्र सरकारले सक्रिया बढाउन जरुरी छ । आम नागरिकका असन्तुष्टीलाई सरकारले समयमै सम्बोधन नगर्ने हो भने आगामी दिनहरुमा त्यसले निम्त्याउने दूषपरिणाम भोग्नै पर्ने हुन्छ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# जाडोका लागि किन छट्पटिए खेतीहर



सञ्जय साह मित्र

बहत्तर वर्षीय एक जना किसान भन्दै थिए – कम्तीमा पन्ध्र दिन घरबाटै निस्कनै नसक्ने गरी कँपकँपाउँदो जाडो चाहिएको छ । म भगवानसित प्रार्थना गर्दछु कि हे भगवान ! हामीजस्तो बूढो मानिसलाई घरबाट निस्कनै नमिल्ने गरी कुहिरो लगाइदिनुहोस् । जाडो बढाइदिनुहोस् । जाडो नहुँदा हामी बर्बाद हुने भइसक्यौँ । दिनभर पारिलो घाम लाग्दा खेतीमा गम्भीर नकारात्मक असर परिसक्यो ।

अर्काको पसलमा काम गर्ने तर आफ्नो राम्रै खेतीबारी भएको एक जना युवाको भनाइ पनि यस्तो छ – मैले आठ कट्ठा खेतमा लगाएको मसुरो पूरै सुकिसक्यो । अब एक मुठी पनि आउँदैन । मैले मसुरोको बिउ किनेर खेतमा छरेको थिएँ । हलो जोताइको पनि पैसा लागेको थियो । बिउसँगै मलको पनि खर्च लागेको थियो । आठ कट्ठामा मसुरोको नामोनिसान छैन र अर्को धान खेतमा यत्तिकै छरेको मसुरो भने करिब आधा बाँकी छ । माथिबाट पानी पनि परेन र जाडो पनि भएन । दुवै अवस्थामा मसुरो बालीको लागि निकै हानिकारक रह्यो । यसको असर गहुँबालीमा पनि पर्ने



सम्भावना रहेको छ । गहुँबालीको खेतमा पनि गहुँको झारमा एकभन्दा बढी डाँठ नआउने सम्भावना बढी हुन्छ । साथै जाडो नहुँदा र पानी नपर्दा गहुँबालीमा मुसा निकै धेरै लाग्ने र अन्य रोग कीराले पनि आक्रमण गर्ने हुन्छ । गहुँबालीको लागि पनि अहिले कम्तीमा जाडो चाहिएको छ ।

जाडोले सबैभन्दा प्रभावित हुने पनि खेतीहर किसान नै हो । खेतीहर किसानको मुख्य बसोबास थलो नै ग्रामीण क्षेत्र हो । मानवीय स्वास्थ्य तथा अन्य भौतिक समस्या ग्रामीण नागरिकलाई जाडोले निम्त्याउँछ । यसै गरी सबैभन्दा बढी प्रभावित पशुधन हुने गर्दछ तर पनि किसानलाई जाडो चाहिएकै हुन्छ । जाडो भएन भने किसानहरुकै मतानुसार हिउँदे बाली हुँदैन । यो हिउँदे बाली भन्ने शब्द साधारण किसानले पनि बुझ्न र प्रयोग गर्न थालेका छन् । हिउँदे बालीको लागि जाडो चाहिन्छ, चाहिन्छ भन्ने सामान्य बुझाइ रहेको छ । जाडो भएन भने हिउँदे बाली अर्थात् रबिबाली, दलहन, तेलहन तथा गहुँ बालीमा निकै नकारात्मक असर पर्छ । किसानहरुले भन्ने गरेको यही हो । यसैले जब तिथिको हिसाबले मंसिर महिना बित्न लाग्दा तथा गतेको हिसाबले पुस महिना आधा लाग्न लाग्दा पनि दिउँसो चर्को घाम र साँझ बिहान खासै जाडो नहुँदा किसानमा चिन्ता देखिन थालेको थियो । किसानहरुले भन्न थालेका थिए – जाडो भएन भने हामीलाई निकै समस्या पर्छ । सोझै कपितय किसानले जाडो नहुँदा र वर्षा नहुँदा खेती सखाप भइसकेको पनि बताइरहेका थिए । माथि दुई किसानको भनाइ आएकै छन् ।

हिउँदे वर्षाले पनि धेरै बालीलाई नोक्सान पु¥याउँछ । अलिकति बढी पानी प¥यो कि पानी जम्ने खेतको मसुरो, तोरी तथा गहुँमा निकै नोक्सानी पुग्छ र अझ कतिपय गहिरो खेतको बाली नै हुन पाउँदैन तर किसानको लागि हिउँदे वर्षा पनि धेरै महत्वपूर्ण रहेको छ । जब हिउँदे वर्षा हुन्छ तब किसानले सजिलो गरी बालीको अनुमान लगाउन सक्छन् । बालीमा कस्तो किसिमको मल वा औषधि दिने भनेर व्यवहार गर्न थाल्छन् । अहिले दुई चार दिनदेखि जाडो बढेकोमा किसानहरु खुसी भएका छन् । सुकिसकेको बाली त पुनः हरियो भएर नआउला तर अब जाडोको अभावमा बालीमा नोक्सान हुँदैन कि भन्ने आत्मविश्वास चाहिँ बढेको छ । यद्यपि अझै किसानहरुले खोजिरहेको चाहिँ अलिकति वर्षा हो । जाडो र वर्षा दुवै हराएको हो कि भन्ने लागिरहेको अवस्थामा जाडो आउँदा अहिले सुख्खा जाडो भइरहेको छ । सुख्खा जाडोले दिएको खुसी चाहिँ सुख्खा सुखी नै हो । यदि वर्षा भएन भने सबै ठाउँमा सिंचाइ सुविधा पुगिसकेको छैन । सिचाइ सुविधा नपुगेको ठाउँको हिउँदे बाली अपेक्षित रुपमा फलदायी नहुने सामान्य अनुमान किसानहरुको रहेको छ जसलाई अस्वाभाविक मान्न सकिन्न । किसानहरुले यसै कारण अहिले जाडोसँगै वर्षाको चाहना राखेका हुन् ।

वर्षा नभएको धेरै लामो समय बितिसकेको छ । गत असोजदेखि वास्तवमा कतिपय खेतले पानी पाएको छैन । धरतीको सतहमा खनजोत हुने, बाली लगाइने तर पानी नपुग्दा सतह सुख्खा हुन्छ । बालीको जरा माटोको जुन सतहमा हुन्छ त्यसमा बालीको लागि आवश्यक पानीको मात्रा भएन भने बाली सप्रिन पाउँदैन । अन्य सबै परिस्थिति अनुकूल भएर पनि बालीको लागि आवश्यक मात्रामा पानी भएन भने बालीले मलको अवशोषण पनि राम्ररी गर्न पाउँदैन । यसैले बालीको लागि वर्षा चाहिन्छ । पानी परेन वा बालीको जरासम्म पानी पुगेन भने माटोमा रहेको खाद्य पदार्थ बालीले लिन पाउँदैन तथा किसानले खेतबारीमा बालीको लागि आवश्यक मल पनि हाल्न पाउँदैन । बालीको राम्रो उत्पादनमा नै किसानले आफ्नो भविष्य देख्ने गर्दछन् । यसैले किसानले समयमा आकाशे पानी खोजेका हुन् । जहाँ सिंचाइको साधन छैन त्यहाँ आकाशे पानीको भरमै आफनो भविष्यको पर्यावरण किसानले अध्ययन गर्दछन् । फेरि पनि जहाँ सिंचाइको सुविधा छ, त्यहाँ पनि कतिपय किसानले यसकारण सिंचाइ गर्न पाउँदैनन् कि उनीहरुको हातमा आवश्यक रकम हुँदैन । निजीस्तरमा उपलब्ध हुने सिंचाइ सुविधा निकै महँगो छ । सरकारले सबै ठाउँमा सिंचाइको दृष्टिकोणले विद्युतको सुविधा पु¥याउन सकेको छैन ।

हिउँदे वर्षाले केही मात्रामा खेतीहर किसानको परेसानी बढाउँछ तर पनि धेरै किसिमले फाइदा हुन्छ भनिन्छ । वर्षा भएपछि दिउँसोको जाडो हराउँछ । दिउँसो मज्जाको घाम लाग्छ । दिउँसो घाम लाग्ने र साँझ, बिहान तथा राति निकै जाडो हुन्छ । हात ठिहि¥याउँछ, यसले गर्दा एकातिर बालीलाई फाइदा पुग्छ भने अर्कोतिर अन्य सबै पक्षलाई पनि फाइदा नै पुग्दछ । वर्षा भएपछि वातावरणमा निकै सुधार हुन्छ भन्ने सत्य र तथ्यलाई पनि सबैले बुझेका छन् । वायु प्रदूषण कम हुन्छ । वातावरण र वायुको प्रभाव बालीनालीमा पनि परेको हुन्छ । पानी परेपछि बालीनालीमा धेरै किसिमका रोग र कीराहरु लाग्न पाउँदैनन् जसले गर्दा एकातिर बालीको उत्पादनमा वृद्धि हुन्छ भने अर्कोतिर बालीको गुणस्तरीयतामा पनि वृद्धि हुन आउँछ । यसै गरी किसानलाई बालीको उत्पादनमा लाग्ने खर्चमा पनि कटौती हुन्छ । साथै एक साथ खेतीहर किसानले आफ्नो बालीमा मलको प्रयोग गर्न पनि पाउँछन् । पानी परेपछि दिउँसो जुन किसिमले मज्जाले घाम लाग्दछ, एक किसिमले दिउँसो जाडो कम हुँदा सामान्य गरिब खेतीहर मजदुर परिवारलाई पनि राहत पुग्दछ । साँझ, रातभरि र बिहान जाडोले कठांग्रिएका हातलाई दिउँसो घाममा तन्काउन पाउँछन् । शीतलहरबाट मुक्ति पाइन्छ ।

खेतीहरले खोजेको त जाडो न हो, शीतलहर होइन । शीतलहरले जाडो बढाउँछ र दिनभर तथा रातभर एकै किसिमको जाडो भइरहन्छ । यसले कपितय बालीलाई फाइदा पु¥याउँछ त कतिपय बालीलाई नोक्सान पनि तर शीतलहर नभई दिउँसो झलमल्ल घाम लाग्ने हो भने जाडोबाट हुने फाइदा पनि बालीले पाउँछ भने शीतलहरबाट हुने नोक्सानीबाट जोगिन सक्छ । बालीलाई दुवै चाहिन्छ । जाडो पनि र घाम पनि चाहिने भएकोले बालीका लागि दुवै महत्वपूर्ण छन् । फेरि पनि यदि राति जाडो तथा दिउँसो घाम लाग्ने हो भने पशुधनलाई पनि जाडोबाट हुने रोगबाट स्वतः जोगाउन सकिन्छ । अहिले जुन किसिमको जाडो बढेको छ र जसरी शीतलहर चलिरहेको छ, यस्तो मौसममा बाख्रा, गाई तथा भैँसी र गोरुलाई निकै कठिन छ । घरबाहिर गएर पशुधनको लागि हरियो घाँस खोज्नु सबैभन्दा कठिन काम हुन गएको छ । घरमा बाख्राजस्ता साना पशुलाई चिसोबाट जोगाउन निकै समस्या हुन्छ । यसैले जाडो महिनामा कतिपय बाख्रालाई पखाला लगाउने गरेको पाइन्छ । जाडोको दिनमा मानिसलाई जसरी कठिन हुन्छ, पशुधनलाई झन बढी अप्ठ्यारो हुने हुन्छ । यसकारण शीतलहर खासै फाइदाजनक हुँदैन । बरु जति धेरै जाडो बढ्यो, उत्ति धेरै खेतीहरहरु खुसी हुन्छन् र शीतलहरले भने क्षणिक खुसी दिएपछि अन्ततः किसान, तिनको परिवार, पशुधन तथा बालीनाली सबैको चिन्ता नै दिने गरेको हुन्छ । शीतलहर नहुँदा खेतीहरका अगाडि अनेक उपाय हुन्छन् तर शीतलहर चलेर निरन्तर बढ्दै गएपछि किसान सबैतिरबाट समस्यामा पर्न थाल्छन् ।

जाडो हरेक वर्ष आउनु प्राकृतिक नियम हो । हरेक वर्ष अहिलेको समयमा जाडो नै हुने गरेको छ । र, शायदै कुनै वर्ष होला कि जाडोको समयमा बिल्कुलै पानी परेको छैन । यद्यपि जाडोमा खेत डुबाउने गरी र बाढी आउने गरी पानी पर्दैन । तर पनि जाडोले मानिसलाई सताउने गरेको छ, जाडोको वर्षाले पनि सताउने गरेको छ । मानिसका लागि यी सब नियमित आकस्मिकता जस्तै हुन् । यस नियमित आकस्मिकतालाई बुझेर पनि सर्वसाधारणले तयारी गरेका हुन्छन् । भौतिक रुपमा नभए पनि मानसिक रुपमा तयार नै हुन्छन् । जति सकिन्छ त्यत्ति भौतिक तयारी पनि गरेका हुन्छन् । यसलाई स्वाभाविक मान्नु उचित हुन्छ । तर पनि सर्वसाधारण खेतीहर किसानले यस पटक अलिकति छट्पटिएको अवस्थामा पुगे कि कतै जाडो नै हुँदैन कि ? यसपटक, खेतीहर किसानहरुको विचारमा आवश्यकता भन्दा धेरै बढी गर्मी महसुस भयो जतिखेर जाडो हुनुपर्ने थियो । आवश्यक मात्रामा जाडोको अनुभूति नै भएन । यद्यपि खेतीहर किसानहरुले बुझेका छन् कि असार पूरै सुख्खा थियो, आधा साउनसम्म सुख्खाले किसानलाई सताएको थियो । यसले गर्दा जाडोमा पनि केही सुख्खा हुन्छ भन्ने अनुमान थियो । यस वर्ष साउनमा मलिमास परेको हुनाले अलिकति ढिलो गरी वर्षा पनि सुरु हुने र अलिकति ढिलो गरी जाडो पनि सुरु हुने पूर्वानुमान किसानहरुको थियो नै तर पनि जब धान समयमै घरमा भित्र्याए र जब मसुरो सुक्न थाल्यो र गहुँ बालीमा पनि अपेक्षित विकास भएको देखिएन तब सर्वसाधारण खेतीहरमा एक किसिमको चिन्ताले घेर्न सुरु गरिसकेको थियो कि अबको समयमा पनि जाडो भएन भने उत्पादनमा निकै कमी आउने छ । जुन किसानको मसुरो पूरै सुकिसकेको छ, तीमध्ये कतिपयले फेरि डराइ डराइ भए पनि गहुँ खेती गरेका छन् । मसुरो छिटो पाक्ने बाली हो र गहुँ चाहिँ अलिक ढिलो लगाउँदा पनि उत्पादनमा खासै असर नपर्ने बाली हो । यसैले मसुरो सुकेको खेतमा कतिपयले गहुँ छरेका छन् तर कतिपयले मसुरोको झैँ हालत यदि गहुँको पनि हुन गयो भने मसुरोमा भएको खर्च र गहुँमा पनि हुने खर्च जोड्दा निकै धेरै खर्च हुने तर उत्पादनको भने अनिश्चितता कायम रहने डरले त्यत्तिकै छाडेका छन् ।

सामान्यतया यस मौसममा खेतीहर किसानले एउटाभन्दा बढी बाली लगाउन खोज्दछन् । गहुँको छेउछेउमा तोरी वा आलस पनि मिसाएर छर्दिन्छन् । कथंकदाचित एउटा बाली सखाप हुने भएका अर्को बालीले अलिकति उत्पादन दिन्छ कि भनेर । यसै गरी मसुरोसँगै तोरी वा आलस वा केराउ वा धनिया वा सबै मिसाएर छरेका हुन्छन् । मसुरो मात्र कमैले छर्छन् । यद्यपि मसुरो मात्र छरेकाहरुको बाली नास भयो भने सजिलै अर्को बाली लगाउँछन् तर यदि मसुरोसँगै अन्य बाली पनि मिश्रित बालीको रुपमा लगाएका छन् भने एउटा सुक्दा अर्कोमा अलिकति आशा हुन्छ । बहुबाली भएको खेतमा कुनै एक बाली सप्रिँदा वा अर्को बाली नसप्रिँदा पनि किसानलाई पीर बाँड्ने साधन त्यहीँ बाली हुन जान्छ । फेरि खेतीहर किसानमध्ये अधिकांश विपन्न खेतीहरले एकैचोटि एकभन्दा बढी बाली किन लगाउँछन् भने आफ्नो दाल, रोटी, तरकारी, अचार, मसला र तेल सबै आफ्नै उत्पादनको उपयोग गर्न सजिलो होओस् । किनभने घरमा खपत हुने खानेकुरा बजारमा किन्नुपर्दा किसानलाई निकै अप्ठ्यारो हुन्छ । खेतीहर किसानले निकै धेरै मूल्यमा नगद हात पारेका हुन्छन् । नगद खर्च गर्न खेतीहर किसान, मजदुरलाई सजिलो हुँदैन । यसै कारण खेतीहरले सम्भव भएसम्म आफ्नो खेतीको वा बालीको अनुकूल मौसम चाहन्छन् र यसपटक अलिकति बढी प्रतिकूल देखिँदा खेतीहर छटपटिएका हुन् ।

# एमालेको प्रस्ताव कांग्रेसद्वारा अस्वीकार



**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रियसभा सदस्य निर्वाचनमा प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले सहकार्यका लागि गरेको प्रस्ताव नेपाली कांग्रेसले अस्वीकार गरेकोक छ । सत्ता गठबन्धन कायम रहे आउँदो फागुन २० गतेदेखि रिक्त हुन लागेका पद गुमाउने निश्चितजस्तै भएपछि एमालेले सिट हासिल गर्ने योजना बनाउँदा अस्वीकृत भएको हो । गठबन्धन कायम रहे ५९ सदस्यीय राष्ट्रियसभामा एमाले आठ सिटमा सीमित हुनेछ ।
'कांग्रेसले गठबन्धन नतोडेसम्म राष्ट्रियसभा चुनावमा तात्त्विक फरक पर्ने देखिँदैन । सत्तासहयात्राकै लागि कांग्रेससँग पटक–पटक भनिरहेका छौँ, गठबन्धन तोड्न तयार देखिएको छैन,' एमालेका एक पदाधिकारीले भने । एमालेले कांग्रेसलाई रिक्त हुन लागेका २० मध्ये १३ सिट आफैँ राख्न प्रस्ताव गरेको छ । उसले एक मनोनीतसहितका २० मध्ये सात सिटमा एमालेको उम्मेदवारी रहने गरी प्रस्ताव पठाएको थियो । तर, प्रस्तावमा कांग्रेस सभाापति शेरबहादुर देउवा सहमत देखिएका छैनन् ।
राष्ट्रियसभामा फागुन २० देखि २० जनाको ६ वर्षे कार्यकाल सकिँदै छ । एमालेबाट राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, भैरवसुन्दर श्रेष्ठ, नरपति लुवार, कुमार दसौंदी, दीपा गुरुङ, दिलकुमारी रावल थापा, इन्दु कडरिया र रामचन्द्र राईको पदावधि सकिँदै छ ।
राष्ट्रपतिबाट मनोनीत एमालेकै विमला राई पौड्यालको पदावधि पनि सकिनेछ । त्यो पदमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट मनोनीत गरिनेछ । बाँकी १९ पदमा माघ ११ गते निर्वाचन हुँदै छ । निर्वाचनका निम्ति पुस २३ गते उमेदवारी दर्ताको कार्यतालिका छ । एमालेले उमेदवारी सिफारिस गर्न पार्टीको प्रदेश कमिटीलाई बुधबारसम्मको समय दिएको छ ।
एमालेले उमेदवार छान्न सत्ता गठबन्धनको निर्णय पनि कुरिरहेको छ । गठबन्धन दलले भागबन्डा टुंगो लगाएका छैनन् । गठबन्धनमा कुरा नमिलेपछि मात्र दलहरू सहमतिमा आउने सम्भावना रहेको नेताहरूको आकलन छ ।

# शैक्षिक नीति र पाठ्यक्रममा रुपान्तरण जरुरी छः प्रधानमन्त्री




**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकको शिक्षा क्षेत्रको सुधारका लागि शैक्षिक नीति, पाठ्यक्रम र संरचनामा रूपान्तरण जरूरी भएको बताएका छन् ।
मंगलबार काठमाडौँमा आयोजित एजुकेशन समिट (शैक्षिक बहस) समारोहलाई सम्बोधन गर्दै उनले शिक्षा क्षेत्रको सुधारका लागि सरकार लागिपरेको बताए । उनले भने, 'नेपालको उच्च शिक्षाले भूमण्डलीकरणको वैश्विक समस्याको सामना गरिरहेको सन्दर्भमा यस्ता कार्यक्रम विचार मन्थनका दृष्टिले मात्र नभएर विश्वभरिका अनुभवको आलोकमा हाम्रो आफ्नो विशिष्टता र मौलिकतासहित नीति निर्माणका निम्तिसमेत गुणात्मक योगदान दिन सक्दछन् ।'
शिक्षालगायत राष्ट्रिय जीवनका अधिकांश क्षेत्रमा भूमण्डलीकरणको प्रभाव परिरहेको उनको भनाइ छ । प्रधानमन्त्रीले दाहालले भने, 'भूमण्डलीकरणको प्रत्यक्ष प्रभाव विश्वभरि परिरहेको छ, त्यसमध्ये पनि नेपाल जस्ता विकासशील देशहरूमा यसको बहुआयमिक प्रभाव चुनौतीकै रूपमा विद्यमान छ । यसले साना, स्वतन्त्र र स्वाधीन देशहरूको अर्थतन्त्र, शिक्षा, मनोविज्ञान र सामाजिक संरचनामा नै काफी हदसम्म हेरफेर ल्याएको छ । यो तथ्यलाई गहिरो गरी विचार गर्ने र त्यसका आधारमा हाम्रो शैक्षिक नीति, पाठ्यक्रम र संरचनामा परिवर्तन गरेर मात्र हामीले यो चुनौतीलाई छिचोल्न सक्छौँ ।'
पछिल्लोसमय नयाँ पुस्तामा देशको शिक्षा गुणस्तरीय छैन, यसले विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्दैन भनेर नकारात्मक भाष्यको विकास हुँदै गएको र त्यसको प्रत्यक्ष प्रभाव बौद्धिक जनशक्तिको पलायनका रुपमा अभिव्यक्त भइरहेको जनाउँदै प्रधानमन्त्रीले त्यस्तो भाष्यलाई निरुत्साहित गर्नुपर्नेमा जोड दिए । रोजगारीका अवसर प्राप्त गरेका नै विदेश पलायन हुनु चिन्ताको विषय भएको प्रधानमन्त्रीको भनाइ छ ।
उनले भने, 'उत्पादकत्वमा कमि, बेरोजगारी लगायतका कारण देशभित्र भविष्य नदेख्ने बाध्यात्मक परिस्थिति एक ठाउँमा छ ।
तर देशभित्रै रोजगारीको अवसर प्राप्त गरेका र सामाजिक रुपमा समेत प्रतिष्ठित व्यक्तिमा समेत सम्पत्ति आर्जनको मोह अनपेक्षित रूपमा बढ्दै गएको छ । यो चाहिँ हाम्रा निम्ति साँच्चिकै चुनौतीको विषय हो ।'

# कान्तिपुरविरुद्ध रविले हाले गाली बेइज्जती मुद्दा





**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले कान्तिपुर पब्लिकेशनविरुद्ध गाली बेइज्जती मुद्दा दर्ता गरेका छन् ।
मंगलबार लामिछानेले कान्तिपुरविरुद्ध जिल्ला अदालत काठमाडौँमा मुद्दा दायर गरेका हुन् । सामाजिक सञ्जालमार्फत सभापति लामिछानेले कान्तिपुर पब्लिकेशनले आफूविरुद्ध भ्रामक समाचार सामग्री सम्प्रेषण गरेकोले आफू कानुनी उपचारमा गएको जनाएका छन् । सहकारी संस्थाको रकम हिनामिना गरेको भनेर नियोजित रूपमा आफूविरुद्ध समाचार प्रकाशन गरेको लामिछानेको भनाइ छ ।
लामिछानेले सहकारीको रकम हिनामिना सम्बन्धि समाचारमा आएका कुनै सहकारीको सञ्चालक, शेयर होल्डर, बचतकर्ता, सदस्य, लगानीकर्ता, खातावाल आफू केही पनि नरहेको उल्लेख गरेका छन् । समाचारमा आएका सहकारीहरूमा आफ्नो नाम राखिए/देखिए लगायतका लगायतका अन्य विषयमा समेत कानुनी परामर्शमा रहेको उनले भनेका छन् । 'एउटा योद्धा लडाइँबाट पिठ्युँ फर्काएर भाग्दैन । हार जीतको पर्बाह नगरी उ इमानका साथ लडिरहन्छ ।' लामिछानेले सामाजिक सञ्जालमा लेखेका छन्, 'म आरोप लाग्नै नहुने मान्छे होइन । तर म समाचारमा आएका कुनै सहकारीको सञ्चालक, शेयर होल्डर, बचतकर्ता, सदस्य, लगानीकर्ता, खातावाल केही पनि होइन ।' लोकतन्त्रको बलियो आधारमध्ये एक, प्रेस स्वतन्त्रताको पक्षमा आफू जीवनभर लडिरहने बताउँदै लामिछानेले भनेका छन्, 'सहकारी पीडितहरूको पीडामा सदनमा भएका मध्ये सबैभन्दा दरिलो उभिन सकिनँ भने यो अनुहार लिएर भोट माग्न आउँदिनँ ।'

# 'प्रदेशको नामाकरण विवादबारे वार्ता गर्न तयार छौँ'

**मधेशदृष्टि**
**विराटनगर ।**
कोशी प्रदेशका पर्यटन, वन तथा वातावरणमन्त्री गणेशप्रसाद उप्रेतीले प्रदेशको नामकरणको विषयमा उत्पन्न विवाद समाधान गर्न सरकार तयार रहेको बताएका छन् ।
कोशी प्रदेशसभाको मंगलबार बसेको बैठकमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री उप्रेतीले प्रदेशको नामकरणको विषयमा उत्पन्न विवाद समाधान गर्न सरकार तत्पर रहेको बताएका हुन् । विवाद समाधानका लागि पहिचानवादीसँग सरकार वार्ता गर्न तयार रहेको र यसका लागि आवश्यक गृह कार्य भइरहेको उनले बताए । मन्त्री उप्रेतीले जङ्गली हात्तीले गरेको हानी नोक्सानीको क्षतिपूर्तिका लागि बनेको निर्देशिकाअनुसार नै हुने तथा जङ्गली हात्तीबाट नागरिकलाई बचाउन अल्पकालीन र दीर्घकालीन उपायबारे छलफल भइरहेको जानकारी दिए । प्रदेशसभा बैठकमा समसामयिक विषयमा प्रदेशसभा सदस्यहरु गीतारानी महतो, बन्दना झाँगर, यशोदा कायस्थ, राधाकृष्ण खनाल, सविना बजगाईं र सृजना राईले प्रश्न गरेका थिए ।
मंगलबारको बैठकबाट 'स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सर्वसम्मतिले पारित भएको छ । कोशी प्रदेशको प्रदेशसभा नियमावली, २०७४ (पहिलो संशोधनसमेत) को नियम १०७ बमोजिम मुख्यमन्त्री केदार कार्कीको तर्फबाट आन्तरिक मामिला तथा कानुनमन्त्री शम्शेर राईले सो प्रस्ताव सदनमा पेश गरेका थिए । मन्त्री राईले विधेयकमाथिको छलफलमा उठेका विषयबारे जवाफ दिँदै उक्त विधेयकले सुशासन र जनशक्ति परिपूर्ति गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए ।
उनले विधेयकले स्थानीय तहमा न्याय सम्पादन र सूचना प्रणालीलाई व्यवस्थित गर्न पनि मद्दत गर्ने धारणा राखे । न्याय, प्रशासन तथा विधायन समितिबाट दफावार छलफल भइ आएको सो विधेयकबारे कोशी प्रदेशसभा सदस्यद्वय रेवतीरमण भण्डारी र प्रदीप सुनुवारले आफनो धारणा राखेका थिए ।

# राष्ट्रियसभा निर्वाचनबारे कांग्रेस र माओवादीबीच छलफल

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) का शीर्ष नेताबीच आसन्न राष्ट्रियसभा सदस्य निर्वाचन सम्बन्धमा छलफल भएको छ ।
प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार प्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', कांग्रेस सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवालगायत शीर्ष नेताहरुबीच राष्ट्रियसभा सदस्य निर्वाचनका सम्बन्धमा छलफल भएको हो । कांग्रेस प्रमुख सचेतक रमेश लेखकका अनुसार पहिलो चरणमा गठबन्धनका दुई दलबीच राष्ट्रियसभा सदस्य निर्वाचनलगायत समसामयिक विषयमा छलफल भएको र त्यसपछि गठबन्धनका अन्य दलसँग पनि छलफल हुने छन् । कार्यक्रममा कांग्रेसका उपसभापति एवं उपप्रधानमन्त्री पूर्णबहादुर खड्का महामन्त्री गगनकुमार थापा, प्रमुख सचेतक लेखक र माओवादीका तर्फबाट वरिष्ठ उपाध्यक्ष एवं उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठलगायत नेताहरु सहभागी थिए । राष्ट्रियसभा सदस्यको निर्वाचन आगामी माघ ११ गते हुँदैछ ।

# स्रोत सुनिश्चित र वस्तुगत योजना आवश्यकः मन्त्री



**रासस**
**काठमाडौँ ।**
शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले उपलब्ध हुने स्रोतको सुनिश्चिताका आधारमा वस्तुगत योजना बनाएर मात्र शैक्षिक कार्यक्रमअघि बढाइए तोकिएको समयमा त्यसको नतिजा प्राप्त गर्न सकिने धारणा राखेका छन् । प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको मंगलबार बसेको बैठकमा उनले मुलुकमा आर्थिक अवस्था कमजोर रहेका बेला न्यूनतम खर्चमा आवश्यक संरचना मात्र निर्माण गर्ने कार्ययोजना अहिलेको आवश्यकता भएको बताए । जाजरकोट भूकम्प प्रभावित क्षेत्रका विद्यालय सञ्चालनमा देखिएका चुनौती तथा सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयका सम्बन्धमा उठेका प्रश्न र वास्तविकता जानकारी लिन समितिले आजको बैठकमा मन्त्री राई र सचिवलाई आमन्त्रण गरेको थियो ।
मन्त्री राईले भने, 'शिक्षा क्षेत्रसँग सम्बन्धित सही तथ्य तथ्याङ्क प्राप्त गर्न समन्वय र सम्पर्क गर्ने सूचना प्रणालीको विकास गर्दैछ । शिक्षा क्षेत्रमा गर्नुपर्ने काम धेरै छन्, स्रोतसाधन काम छ, लगानी न्यून छ ।' कूल राष्ट्रिय बजेटको २० प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन हुनुपर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धता भए पनि चालु आर्थिक वर्षमा ११ दशमलव २७ प्रतिशत विनियोजन भएको छ । राज्यले शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानी बढाउनुपर्छ भन्ने मन्त्री राईको भनाइ थियो ।
शिक्षा मन्त्रालयका सचिव सुरेश अधिकारीले विसं २०७२ को भूकम्पपछि कुन ठाउँमा कस्तो संरचना बनाउनुपर्छ भन्ने आधारमा जाजरकोट रुकुम र बाजुरामा ढाँचामा अघि बढाउने भन्ने योजना रहेको जानकारी दिए । उनले भने, 'त्यसैका आधारमा भूकम्प प्रभावित जिल्लाका विद्यालय निर्माण र पुनःनिर्माणका लागि अहिलेको मूल्यवृद्धिलाई हेर्दा छ अर्ब ८४ करोड रुपैयाँ लाग्ने अनुमान छ ।' भूकम्प प्रभावित जिल्लाका भवन भत्कँदा करिब दुई अर्ब नौ करोड रुपैयाँ बराबरको भौतिक क्षति भएको बैठकमा उनले जानकारी दिए । जाजरकोट भूकम्पबाट त्यस जिल्लाका पूर्णरुपमा तीन सय नौ विद्यालय भवन पूर्णक्षति भएको छ भने सात सय ५१ मा आंशिक क्षति भएको छ । आंशिक क्षति भएका भनिएका विद्यालयको पनि पूर्णरुपमा प्रबलीकरण गर्नुपर्ने अवस्थाले पूर्ण क्षति बराबरकै लागत लाग्न सक्ने मन्त्रालयले अनुमान गरेको छ । त्यस्तै रुकुम पश्चिममा एक सय पाँच विद्यालय पूर्ण क्षति भएको छ भने चार सय ७४ क्षति आंशिक भएको छ । बझाङ भूकम्पबाट त्यहाँ छ विद्यालय भवनमा पूर्ण क्षति भएको थियो भने ३७ वटा मा आंशिक क्षति पुगेको सो अवसरमा जानकारी दिइयो । त्यसैगरी बाजुरामा ५६ वटा विद्यालयमा आंशिक क्षति भएको थियो ।
भूकम्पछि केही समय विद्यालय सञ्चालन हुन नसकेको तथा हाल अस्थायी विद्यालय खडा गरी पढाइ सञ्चालनमा ल्याइएको सचिव अधिकारीले बताए ।
जाजरकोटमा दुई ९३ वटा संरचना बनाइएको पनि जानकारी दिइयो । सरकारले भूकम्प प्रभावित जिल्लाका २० हजार बालबालिकालाई पुग्ने पाठ्यपुस्तक छपाइ गरी पुनः उपलब्ध गराएको छ । नेपालको शिक्षा क्षेत्रको विकासमा राम्रै योगदान गरिरहेका विभिन्न आठ दातृ निकाय विद्यालयकेन्द्रित कार्यक्रम सहभागी विद्यालय पुनःनिर्माण गर्न सहयोग वचन प्राप्त भइरहेको बताइएको छ ।
जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) र एसियाली विकास बैंकले अनुदानका लागि दिएको ७५ करोड रुपैयाँ बाँकी बजेट विद्यालयको पुनःनिर्माणका लागि खर्च गरौँ भन्ने प्रस्ताव अर्थ मन्त्रालयमा पठाइ सकिएको पनि जानकारी दिए । दातृ निकायबाट ऋणवापत प्राप्त अर्को डेढ अर्ब रुपैयाँ पनि यसमा खर्च गर्ने कि नगर्ने भन्नमो निर्णय हुन बाँकी छ ।
विद्यालय पुनःनिर्माण गर्न सकिने करिब साढे तीन अर्ब रुपैयाँको सुनिश्चिता आफैँसँग रहेको पनि सचिव अधिकारीले बताए ।
बैठकमा सदस्यले शिक्षा मन्त्रालयसँग शीर्षक नखुलाइएका रकम र भूकम्पबाट प्रभावित विद्यार्थीको संख्याको विवरण माग गरे । उनीहरुले कैलालीमा प्रारम्भमा गेटा मेडिकल, त्यसपछि प्रतिष्ठान, र अस्पताल हुँदै अहिले विश्वविद्यालय स्थापनाको विषय उठेकाले सो सम्बन्धमा स्पष्ट पार्न आग्रह गरेका थिए । सरकारको कैलालीमा विश्वविद्यालयका भौतिक संरचनातर्फ कलेज पूर्वाधार निर्माण विकास समितिबाट साना र ठूला गरी ५३ संरचना निर्माण गरिसकेको छ ।




बाँकी पृष्ठ ६ मा

# रानी जमरा कुलरिया आयोजनाः सिँचाइसँगै बल्यो बिजुली



रासस
काठमाडौँ ।

कैलालीको सम्मफाँट । चित्ताआकर्षक कर्णाली चिसापानीको पुल । निरन्तर बगिरहेको कर्णाली नदीको पनि नेपालको सबैभन्दा लामो नदीको आफ्नै विशेषता छ । त्यही पुलको पश्चिम कुनामा एउटा बाँध छ ।सोही नदीमा अनेकन नामबाट परम्परागत रुपमा नै सिँचाइ उपलब्ध हुँदै आएको थियो । आर्थिक वर्ष २०६६÷६७ मा परम्परागत सिँचाइलाई आधुनिकीकरण गर्ने काम सुरु भयो । अनि नाम दिइयो– रानीजमरा कुलरिया सिँचाइ आयोजना । सिँचाइ प्रणाली स्थानीय किसानले नै निर्माण गरेर व्यवस्थापनसमेत हुँदै आएको सबैभन्दा ठूलो मध्येको एक हो । प्रणालीको स्रोत कर्णाली नदीको पश्चिम भङ्गालो झरही नाला हो । स्थानीयवासीका अनुसार प्रणालीको निर्माण करिब एक सय २० वर्षभन्दा पहिले नै भएको हो । ऐतिहासिक महत्व बोकेको आयोजनाले कैलालीका समथर फाँटको सिँचाइ मात्रै गरेको छैन, तराईमा पहिलो पटक बिजुलीसमेत उत्पादन गरेको छ । विगतमा टीकापुर नगरपालिका, लम्की चुहा नगरपालिका र जानकी गाउँपालिकाको करिब ११ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराइँदै आएको थियो । आधुनिक सिँचाइ प्रणालीको विकासपछि ३८ हजार तीन सय हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुग्नेछ । रानीजमरा कुलरिया सिँचाइ मूल उपभोक्ता समितिका अध्यक्ष कुमारराज शाहीका अनुसार परम्परागत सिँचाइ प्रणालीलाई नै आधुनिक प्रणालीले अनुसरण गरेको छ । यसले इतिहासको सम्मान गर्दै आधुनिकताको खोजी गरेको छ । आयोजनास्थलको स्थलगत निरीक्षणमा पुगेका ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत, सिँचाइ सचिव सुशीलचन्द्र तिवारी र जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक चूर्णबहादुर ओलीसमक्ष शाहीले भने, 'पानीको उचित व्यवस्थापन गरिदिन अनुरोध छ । आयोजनाले सिँचाइ मात्रै नभई बिजुली पनि उत्पादन गरेकाले त्यसबाट स्थानीय उपभोक्ताले बढी लाभ पाउनुपर्छ भन्ने हाम्रो माग छ ।' आफ्ना माग सुनाउन भेला भएका स्थानीयवासीले कर्णाली नदीले दिने दुःखको इतिवृत्त पनि सुनाए । उनीहरुले बलियो तटबन्धको मागसमेत राखे । नदी उकास गरेर खेतमा बगेको खोलालाई तह लगाइदिन पनि अनुरोध गरे । अध्यक्ष शाहीले आयोजनाको सञ्चालन, व्यवस्थापन स्थानीय उपभोक्ताले गर्ने भएकाले सरकारले कुनै चिन्ता नलिनसमेत अनुरोध गरे । यद्यपि, उनले निर्माण व्यवसायीले अझै पूर्ण काम सम्पन्न नगरेकामा गुनासो पनि गरे । आयोजनाको रानी र जमराको काम सम्पन्न भएको छ । विश्व बैङ्कको सहयोगमा सिँचाइ प्रणालीको आधुनिकीकरणतर्फको प्रथम चरणको काम पूरा भएको छ । दोस्रो चरणको काम चालु आवमा सम्पन्न हुने लक्ष्यका साथ काम भइरहेको छ । किसान निर्मित तथा व्यवस्थित सिँचाइ प्रणालीलाई सञ्चालन गर्न किसानले प्रत्येक वर्ष कर्णाली नदीमा (झरही नाला)मा स्थानीय झारपात ढुङ्गा आदि जस्ता उपलब्ध सामग्रीको प्रयोग गरी तीन वटा अलग–अलग स्थानमा अस्थायी बाँध बनाउँथे । नदीको बगरमा कुलो खनेर आ–आफ्नो सिँचाइ प्रणालीका लागि पानी लैजाने व्यवस्था मिलाउँदै आएका थिए । हरेक वर्ष अस्थायी बाँध र बगरमा बनाइएको कुलो कर्णाली नदीले बगाउँथ्यो । खेतमा पानी पु¥याउन उपभोक्ताले पुनः बनाउनुपर्ने झन्झट व्यहोर्नु पर्दथ्यो ।कर्णाली नदीमा आउने बाढीले बनाइएको बाँध र नदीको बगरमा बनाइएको नहरलाई क्षति गरेपछि देशावर लगाउनुपर्दथ्यो । क्षतिग्रस्त प्रणालीलाई आवश्यकताअनुसार ठूलो जनश्रम परिचालन गरी मर्मत गरी प्रणालीलाई सञ्चालनमा ल्याउनु परेको थियो । बर्सेनि गर्नुपर्ने मर्मत संभारको समस्याका साथै प्रणालीमा पानीको बहाव नियन्त्रण गर्ने संरचना नभएकाले कर्णालीबाट आउने अनियन्त्रित पानी प्रणालीमा प्रवेश गर्दा यस प्रणालीको सिञ्चित क्षेत्र र यसको किनारा क्षेत्रमासमेत पानी जम्ने समस्या, सिञ्चित क्षेत्र कटान पनि उत्तिकै हुन्थ्यो ।सोही समस्या अब भने स्थायी रुपमा समाधान हुने भएको छ । कर्णाली चिसापानी पुल नजिकै सिँचाइ आयोजनाको बाँध निर्माण गरिएको छ । नेपालमा खासगरी विसं १९७९ देखि सिँचाइ प्रणालीको काम औपचारिक रुपमा सुरु भएको मानिन्छ । चन्द्र नहरको निर्माण भएपश्चात्, सरकारीस्तरमा सिँचाइको विकास सुरु भएको हो । विसं २००९ मा नहर विभागको स्थापना भएपछिको अवस्थालाई हेर्ने हो भने सिँचाइ आयोजनाले बिजुली पनि उत्पादन गरेको पहिलोपटक हो ।सरकारले सिँचाइ आयोजनालाई बहुउद्देश्यीय बनाउन थालेको छ । त्यसको खास उदाहरणका रुपमा भेरी बबई डाइभर्सन आयोजना र सुनकोशी मरिण डाइभर्सन आयोजना निर्माणका क्रममा छन् । ती आयोजनाभन्दा पहिले नै रानीजमरा कुलरिया आयोजनाले बिजुली उत्पादन गरेको छ । गत मङ्सिरको अन्तिम सातादेखि आयोजनाले परीक्षण उत्पादन थालेको हो ।नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार प्राधिकरणका प्राविधिकको उपस्थितिमा आवश्यक परीक्षण भइसकेको छ । व्यावसायिक उत्पादन छिट्टै सुरु गर्ने तयारी छ । त्यसका लागि केही प्राविधिक निर्णय आवश्यक छ ।आयोजनाका सिनियर डिभिजनल इञ्जिनीयर टोपबहादुर खत्रीले गत मङ्सिर अन्तिमदेखि चार दशमलव ७१ मेगावाट विद्युत् उत्पादन सुरु गरेको जानकारी दिए । सिँचाइ आयोजना भए पनि परियोजनामा बिजुलीसमेत उत्पादन भएपछि स्थानीय र सम्बद्ध आयोजनाका अधिकारीलाई पनि खुसी तुल्याएको छ । तराई क्षेत्रमा पनि आठ मिटर बराबरको हेड (उचाइ) प्राप्त भएपछि बिजुली उत्पादनको लक्ष्य राखिएको जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक ओलीको भनाइ छ ।सिँचाइ नहरमा पानी उपलब्ध हुँदा बिजुली पनि उत्पादन हुन्छ । बत्ती बाल्न सुरु गरिएको छ । राष्ट्रिय प्रसारण प्रणालीमा जोडनका लागि आफूले आवश्यक निर्देशन दिइसकेको प्राधिकरणका कार्यकारी निर्देशक घिसिङको भनाइ छ । उत्पादित बिजुली र आयोजना सञ्चालनको आवश्यक ढाँचा भने तय हुन सकेको छैन । सिँचाइसँगै बिजुली पनि उत्पादन सुरु भएकाले के कसरी सञ्चालन गर्ने, त्यसबाट प्राप्त हुने आम्दानीको बाँडफाट कसरी गर्ने भन्ने बारेमा आवश्यक निर्णय हुनु जरुरी छ । सञ्चालन मोडालिटी नभएकाले ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले त्यसको आवश्यक तयारी गरिरहेको छ । प्राधिकरणले विद्युत् खरिद सम्झौताका अलावा त्यसबाट प्राप्त हुने आम्दानीको विन्यासका बारेमा छिट्टै निर्णय हुने विश्वास व्यक्त गरेको छ । विभागले आफ्नो आयोजना भएकाले आफूहरुले नै सञ्चालन गर्ने बताउँदै आएको छ । ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री बस्नेतले यसबारेमा छिट्टै निर्णय हुने स्थानीयवासीलाई समेत आश्वस्त बनाएका छन् । मन्त्री बस्नेतले आयोजनास्थलमा नै बिजुली उत्पादनको अवस्थाका बारेमासमेत यही पुस १० गते जानकारी लिएका थिए । सिँचाइ आयोजनामा बिजुली बाल्न खासमा सजिलो काम थिएन । अनेकन प्राविधिक जटिलता पनि आइपरे । बिजुली उत्पादनका लागि स्वदेशी तथा भारतीय प्राविधिकले नियमित काम गरे । आयोजनाको कूल लागत २७ अर्ब ७० करोड रुपैयाँ बराबर छ । हाल आयोजनको भौतिक प्रगति ६८ प्रतिशत र वित्तीय प्रगति ६६ प्रतिशत बराबर छ ।जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक ओलीका अनुसार आयोजनाको साइड इन्टेकमा गेट अटोमेसनसहित मूल नहर निर्माण पूरा भएको छ । बालुवा थिग्र्याउने पोखरी निर्माण पूरा भएको छ । मूल नहरमा गेट जडान, एक ४४ किलोमिटर लामो लम्की शाखा नहर परीक्षण सम्पन्न भइसकेको छ ।

सयाली विकास बैंकले अनुदानका लागि दिएको ७५ करोड रुपैयाँ बाँकी बजेट विद्यालयको पुनःनिर्माणका लागि खर्च गरौँ भन्ने प्रस्ताव अर्थ मन्त्रालयमा पठाइ सकिएको पनि जानकारी दिए । दातृ निकायबाट ऋणवापत प्राप्त अर्को डेढ अर्ब रुपैयाँ पनि यसमा खर्च गर्ने कि नगर्ने भन्नमो निर्णय हुन बाँकी छ । विद्यालय पुनःनिर्माण गर्न सकिने करिब साढे तीन अर्ब रुपैयाँको सुनिश्चिता आफैँसँग रहेको पनि सचिव अधिकारीले बताए । बैठकमा सदस्यले शिक्षा मन्त्रालयसँग शीर्षक नखुलाइएका रकम र भूकम्पबाट प्रभावित विद्यार्थीको संख्याको विवरण माग गरे । उनीहरुले कैलालीमा प्रारम्भमा गेटा मेडिकल, त्यसपछि प्रतिष्ठान, र अस्पताल हुँदै अहिले विश्वविद्यालय स्थापनाको विषय उठेकाले सो सम्बन्धमा स्पष्ट पार्न आग्रह गरेका थिए । सरकारको कैलालीमा विश्वविद्यालयका भौतिक संरचनातर्फ कलेज पूर्वाधार निर्माण विकास समितिबाट साना र ठूला गरी ५३ संरचना निर्माण गरिसकेको छ । त्यसका लागि करिब छ अर्ब रुपैयाँभन्दा बढी लगानी भइरहेको छ ।

# तीन बीमा कम्पनी प्राधिकरणको कारबाहीमा

मधेशदृष्टि
वीरगंज ।




बीमा प्राधिकरणको पुस ६ गते बसेको सञ्चालक समितिको बैठकले तीन वटा निर्जीवन बीमा कम्पनीहरूलाई नगद जरिवाना लगाएको छ।

आइजिआई प्रुडेन्सियल इन्स्योरेन्स, युनाइटेड अजोड र राष्ट्रिय बीमा कम्पनीलाई २–२ लाखको दरमा नगद जरिवाना गरिएको हो।

प्राधिकरणले गरेको स्थलगत निरीक्षणका क्रममा यथेष्ठ मात्रामा कैफियत फेला परेपछि स्पष्टीकरण सोधिएको थियो।

चित्त बुझ्दो स्पष्टीकरण प्राप्त नभएपछि प्राधिकरणले नगद जरिवाना गरेको हो।

स्थलगत निरीक्षणका क्रममा अधिकांश बीमा कम्पनीहरूले उधारो बीमा गराएको, रेट कटिङ गरेको, सम्पत्ति शुद्धीकरणमा ध्यान नदिएको, दाबी भुक्तानीमा बीमितलाई दुःख दिएको लगायत देखिएको थियो।

चालु आर्थिक वर्षको साउनदेखि कात्तिकसम्म भएको स्थलगत सुपरिवेक्षणको आधारमा ४ वटा कम्पनीलाई कारबाही भएको छ ।

# सर्वोत्तम सिमेन्टले आईपीओ निष्काशन गर्दै

मधेशदृष्टि
वीरगंज ।

सर्वोत्तम सिमेन्ट लिमिटेडले यही पुस २५ गतेदेखि आईपीओ निष्कासन गर्ने भएको छ ।कम्पनीले वैदेशिक रोजगारमा रहेका नेपाली र उद्योग तथा खानी उत्खनन् प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि आईपीओ निष्कासन गर्ने भएको हो।

कम्पनीले २ लाख ६७ हजार कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि निष्कासन गर्न लागेको जनाएको छ ।त्यस्तै, कम्पनीले उद्योग प्रभावित क्षेत्र नवरपरासीको सुनवल नगरपालिका वडा नं. ३, ४, ५, ६ र १३ तथा उत्खनन् प्रभावित क्षेत्र पाल्पाको रैनादेवी छहरा गाउँपालिका वडा नं. १ र २, रिब्दीकोट गाउँपालिकाको वडा नं.२, ३, ४ र ६, तिनाउ गाउँपालिकाको वडा नं.१, २ र ३, माथागढी गाउँपालिकाको वडा नं. ७ र ८ र निस्दी गाउँपालिकाको वडा नं.७ मा बसोबास गर्ने स्थानीय बासिन्दाहरुका लागि ९ लाख ३० हजार कित्ता निष्काशन गर्न लागेको हो ।

यस आईपीओमा लगानीकर्ताले प्रतिकित्ता ३६० रुपैयाँ ९० पैसाका दरले आवेदन दिनु पर्नेछ । आवेदकले न्यूनतम ५० कित्ता र अधिकतममा १० हजार कित्तासम्मका लागि आवेदन दिन पाउनेछन् ।

उद्योग तथा खानी उत्खनन् प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि निष्कासन बन्द छिटोमा माघ १० गते र ढिलोमा २५ गते हुनेछ ।

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि भने माघ १० गतेसम्म म्याद तोकिएको छ ।यस कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकमा ग्लोबल आइएमई क्यापिटल लिमिटेड रहेको छ । त्यस्तै, सह निष्कासन तथा बिक्री प्रबन्धकमा एनआईएमबि एस क्यापिटल र प्रभु क्यापिटल लिमिटेड रहेको छ ।

# जापान एयरलाइन्समा आगलागी यात्रु र चालकदलका सबै सकुशल

सिन्ह्वा
टोकियो ।

जापान एयरलाइन्सको विमान मंगलवार साँझ टोकियोको हानेडा विमानस्थलको धावनमार्गमा अवतरणका क्रममा आगलागी भएको छ । बीबीसीले त्यहाँको स्थानीय सञ्चारमाध्यम एनएचकेको हवाला दिँदै विमानको झ्यालबाट र त्यसको मुनि आगो निस्किरहेको बताएको छ । धावनमार्ग पनि आगोले उज्यालो देखिएको थियो । सपोरोबाट उडेको विमान तटरक्षकको विमानसँग ठोक्किएको त्यहाँका अधिकारीहरूलाई उद्धृत गर्दै एनएचके ले जनाएको बीबीसीले समाचार प्रकाशित गरेको छ ।

विमानमा रहेका सबै ३७९ यात्रु र चालक दलका सदस्यलाई बाहिर निकालिएको छ । 'हामी क्षतिको मूल्याङ्कन गरिरहेका छौं,' एयरलाइन्सका एक अधिकारीले भने ।जापान एयरलाइन्सको फ्लाइट ५१६ को विमान स्थानीय समय ४ बजे नयाँ चितोसे विमानस्थलबाट प्रस्थान गरेको थियो र ५ बजेर ४० मिनेटमा हानेडामा अवतरण गर्ने तालिका थियो।

# मेस्सीको सन्यासपछि १० नम्बर जर्सीको पनि बिदाइ !




एजेन्सी
वीरगंज ।

अर्जेन्टिना फुटबल महासंघले आफ्ना स्टार खेलाडी लियोनल मेस्सीको सन्यास लगत्तै उनले प्रयोग गर्ने १० नम्बर जर्सीलाई पनि बिदाइ गर्ने भएको छ । अर्थात्, मेस्सीको सन्यासपछि अर्जेन्टिनाको राष्ट्रिय फुटबल टोलीमा कुनै पनि खेलाडीले १० नम्बरको जर्सी प्रयोग गर्न पाउने छैनन् ।समकालीन विश्व फुटबलका महान् खेलाडी मेस्सीको सम्मानमा यस्तो निर्णय लिइएको अर्जेन्टिना फुटबल महासंघले जनाएको छ । अर्जेन्टिनी फुटबलमा मेस्सीभन्दा अगाडि महान् खेलाडी डिएगो म्याराडोनाले १० नम्बरको जर्सी प्रयोग गर्थे । मेस्सीको कप्तानमा अर्जेन्टिनाले कतार विश्वकपको उपाधि जितेको थियो । ३६ वर्षीय मेस्सीले अर्जेन्टिनाका लागि हालसम्म एक सय ८० खेल खेल्दै एक सय ६ गोल गरिसकेका छन् ।अहिले पनि मेस्सीसक्रिय खेल जीवनमा छन् ।

मेस्सी हाल अमेरिकी क्लब इन्टर मियामीबाट व्यावसायिक फुटबल खेल्छन् ।

# भारत पाकिस्तानसँग आतङ्कवादका विषयमा सम्झौता गर्न इच्छुक छैनः भारतीय विदेशमन्त्री

एएनआई
नयाँ दिल्ली ।

पाकिस्तानको सीमापार नीतिलाई भारतले अप्रासङ्गिक बनाएको छ । भारतीय विदेशमन्त्री जयशंकरले आतङ्कवादको अभ्यासलाई वैध मानिएका शर्तहरूमा भारतले सम्झौता नगर्ने बताएका छन् । विदेश मन्त्री जयशंकरले भारत पाकिस्तानसँग सम्झौता गर्न इच्छुक नरहेको बताउदै आतङ्क र शत्रुतामुक्त वातावरण बनाउनु पर्ने उल्लेख गरेका छन् । पाकिस्तानसँगको मोदी सरकारको दृष्टिकोणलाई उल्लेख गर्दै उनले सीमापार आतङ्कवादलाई नसहने बताएका छन् । पाकिस्तानले दशकौ अघिदेखि भारतलाई टेबुलमा ल्याउन सीमापार आतङ्कवादको प्रयोग गरेको बताउदै आफूहरुले त्यस्ता विषय अप्रासङ्गिक बनाएको बताएका छन् । पाकिस्तान आफ्नो नजिकको छेमेकी भएको स्वीकार गर्दै उनले पाकिस्तानले तयार पारेका शर्तहरूको आधारमा व्यवहार नगर्ने बताए । भारतले गत वर्ष अगस्टमा पाकिस्तानसँगको सम्बन्धलाई सामान्यीकरण बनाउनका लागि आतङ्कवाद र शत्रुतामुक्त वातावरण आवश्यक रहेको बताएको थियो ।मन्त्री जयशंकरले एएनआईसँगको अन्तर्वार्तामा पाकिस्तानको भविष्य पाकिस्तानको आफ्नै कार्य र छनौटबाट निर्धारण हुने भन्दै छिमेकीको हैसियतले आर्थिक समस्याबाट बाहिर निस्कन आवाश्यक रहेको बताएका छन् ।



आर्थिक सङ्कटबाट गुज्रेको श्रीलङ्कालाई भारतले गरेको सहयोगको सन्दर्भ उल्लेख गर्दै श्रीलङ्कासँग एकदमै फरक सम्बन्ध भएको बताएका छन् । पाकिस्तानको अवस्था तथा भविष्य धेरै हदसम्म पाकिस्तानकै क्रियाकलापले निर्धारण गर्ने जिकिर गर्दै उनले कोही पनि अचानक कठिन परिस्थितिमा नपुग्ने बताएका छन् । पछिल्लो समयमा घट्दो, विदेशी मुद्रा सञ्चिति, उच्च मुद्रास्फीति तथा मुद्राको तीव्र अवमूल्यन लगायतका आर्थिक कठिनाइसँग पाकिस्तान जुधिरहेको छ ।

**कैदीहरूको सूची साटासाट**

भारतले सोमबार पाकिस्तानसँग आफ्ना आणविक प्रतिष्ठानहरूको सूची साटासाट गरेको भारतीय विदेश मन्त्रालयले जनाएको छ । भारत र पाकिस्तानले नयाँदिल्ली र इस्लामाबादमा एकैसाथ कूटनीतिक च्यानल मार्फत आणविक प्रतिष्ठान तथा सुविधाहरूको सूची आदानप्रदान गरको विज्ञप्तिमा उल्लेख गरिएको छ । द्विदेशीय सम्झौता अनुसार प्रत्येक वर्षको जनवरीको पहिलो दिन सूची आदानप्रदान गर्ने गरिन्छ ।

भारत र पाकिस्तानबीच यस्तो सूची आदानप्रदान भएको यो लगातार ३३ औं शृङ्खला हो ।

यसै सन्दर्भमा दुवै देशले आ–आफ्नो क्षेत्रका कारागारमा रहेका कैदी तथा माछा मार्ने व्यक्तिहरूको सूची पनि आदानप्रदान गरेको मन्त्रालयको उल्लेख गरेको छ ।

# दोस्रो सत्तादेखि अन्तरविद्यालय क्रिकेट प्रतियोगिता



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
विद्यार्थीलाई खेलकुदप्रति अभिरुचि जगाउने उद्देश्यले जनकपुरधाममा माघ दोस्रो सात्तादेखि दोस्रो अन्तरविद्यालय टी–२० क्रिकेट प्रतियोगिता हुने भएको छ । प्रतियोगिताबाट स्थानीयस्तरमा खेलाडीको उत्पादन बढाउने उद्देश्यले प्रतियोगिता सुरु गरिएको हो ।
पहिलोपटकमा विद्यार्थीको उत्साह निकै देखिएपछि त्यसलाई निरन्तरता दिँदै दोश्रोपटक प्रतियोगिता गर्न लागिएको हो । जनकपुर स्पोर्टस् क्लब र नेपाल भिजनको आयोजनामा माघ १२ गतेदेखि बाह्रबिघा मैदानमा प्रतियोगिता हुनलागेको हो । अन्तर्राष्ट्रिय मान्यता अनुसार प्रतियोगिता हुने संयोजक अम्भुप्रसाद साहले जानकारी दिए ।
उनका अनुसार प्रतियोगितामा धनुषाको सरकारी तथा निजी विद्यालयको सहभागिता रहनेछन् । स्थानीयस्तरबाट खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रत्येक वर्ष प्रतियोगिता गराउन लागिएको उनले बताए । यसले खेल र खेलाडीको विकासमा मद्दत पुग्ने उनको विश्वास छ । प्रतियोगितामा उत्कृष्ट प्रर्दशन गर्ने खेलाडीको टिम बनाएर नियमित (शनिबार) अभ्यास खेल खेलाइने संयोजक साहले जानकारी दिए । यसअघि भएको प्रतियोगिताबाट छनौट भएका खेलाडी नियमित अभ्यास गरिरहेका छन् ।
प्रतियोगिताको विजेता–उपविजेता टिमलाई आकर्षक ट्रफी दिइने आयोजक संस्थाका अर्का प्रतिनिधि प्रशान्त कर्णले जानकारी दिए । गतवर्ष यो प्रतियोगिताको उपाधि गोगल प्रसाद उच्च माविले जितेको थियो । मंगलबार नै धनुषाको क्रिकेट टिम प्रधानमन्त्री कप छनौट प्रतियोगिता खेल्न पर्सा गएको छ । हरिशंकर साहको नेतृत्वमा गएको टिम पहिलो म्याच पर्सासँग खेल्नेछ ।
उनका अनुसार म्यान अफ द सिरिज, इर्मजिङ प्लेयर, बेस्ट बलर–ब्याटस् म्यान–बेस्ट किपर–बेस्ट फिलडर र म्यान अफ दि म्याच दिएर खेलाडीलाई प्रोत्साहन गरिनेछ ।
प्रतियोगिताको निर्देशक हिरा भगत हुन् । उनी मधेश प्रदेश क्रिकेट संघका निर्वतमान अध्यक्षसमेत हुन् । पछिल्लो समय जनकपुरधाममा पुनः खेल क्रेज बढ्दै गएको छ । नियमित प्रतियोगिता र अभ्यास भइरहेका छन् । अभिभावकको पनि रुची र लगानी बढेको देखिन्छ । तर, सरकारले सन्तोषजनक लगानी नगरेको खेलमा आवद्ध युवाको गुनासो छ ।


## ग्रामीण विकास केन्द्र नेपाल

RDC Nepal
Appointment for Change

रौतहट

### शिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०९/१७

युन डि पी र विश्व शिक्षाको सहयोग तथा ग्रामीण विकास केन्द्र नेपालद्वारा संचालित महामारी रोकथाम र हरियो पु:न (रिकोभरी) का लागि दुर्गम क्षेत्रका सामुदायिक विद्यालयहरुलाई सहयोग, (Support to Community Schools in Remote Areas for Pandemic Prevention and Green Recovery) अन्तर्गत विद्यालयहरुको लागि समाग्री खरिद गर्नको लागि यस संस्थाले यस जिल्लामा ईश्नाथ नगरपालिका, राजपुर न.पा., बौद्धिमाई न.पा. र परोहा नगरपालिकाहरुमा विद्यालयहरुको लागि विभिन्न समाग्रीहरु खरिद गर्नुपर्ने भएकोले ईच्छुक आपुर्ती कर्ता/विक्रेताहरुबाट रीतपुर्वक शिलवन्दी बोलपत्र आव्हान गरिन्छ ।

| क.सं. | बोलपत्र नं. | समाग्रीविवरण | परिमाण | वोलपत्र पेश गर्ने तरिका |
|---|---|---|---|---|
| १ | RDCN-TN2-080/81 | फर्निचर उपकरण समाग्रीहरु | बोलपत्र फारममा उल्लेख भए बमोजिम | प्रस्तावनाको सक्कल शिलबन्दी बोलपत्र दाखिला गर्ने । |
| २. | | स्वछता उपकरण समाग्रीहरु | बोलपत्र फारममा उल्लेख भए बमोजिम | प्रस्तावनाको सक्कल शिलबन्दी बोलपत्र दाखिला गर्ने । |
| ३. | | शौचालय स्तरोन्नतिको लागि उपकरण सामाग्रीहरु | बोलपत्र फारममा उल्लेख भए बमोजिम | प्रस्तावनाको सक्कल शिलबन्दी बोलपत्र दाखिला गर्ने । |

१.यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले **२१ दिन** भित्र ईच्छुक ईजाजत प्राप्त आपूर्तीकर्ता/विक्रेताले (१) दर्ता प्रमाण पत्र, (२) मु.अ.कर वा पानमा दर्ता भएको प्रमाणपत्र(३) आर्थिक वर्ष २०७९/८० को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपिका साथबोलपत्र फारम पेश गर्न अनुरोध गरिन्छ ।
२. बोलपत्र सम्बन्धि फारम र कागजात यस संस्थाको शाखा कार्यालय गौर २ भन्सार रोड रौतहटबाट प्राप्त गर्न सकिन्छ वा bijaysah0786@gmail.comईमेल मार्फत बोलपत्र सम्बन्धि फारम प्राप्त गर्न सकिन्छ ।
३. बोलपत्र सम्बन्धि कागजात(Hard Copy) रीतपूर्वक भरी प्रत्येक पानामा सही छाप गरी शिलबन्दी गरी संस्थाको शाखा गौर स्थित कार्यालयमा मिति अन्तिम मिति **२०८०/१०/०८गते बेलुकी४ बजे** भित्र बुझाउनु पर्नेछ ।
४. बोलपत्र खोल्ने तथा निर्णय गर्ने अधिकार संस्थाको **ग्रामीण विकास केन्द्र नेपाल**निहित हुनेछ ।कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार**ग्रामीण विकास केन्द्र नेपाल**समितिमा निहित रहने छ ।
५. बोलपत्र प्राप्त गर्ने र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा बोलपत्र प्राप्त गर्ने र पेश गर्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अबस्थामा बोलपत्रको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ । शिलबन्दी बोल पत्र खोल्ने मिती २०८०।१०।०९ गते बिहान ११ बजेदेखि हुनेछ ।
६. बोलपत्र सम्बन्धि थप अन्य कुनै जानकारी आवश्यक भएमा यस संस्थाको आर्थिक प्रशासन शाखामा सम्पर्क राख्नु हुन अनुरोध छ वा संस्थाको **sahbijayk@gmail.com** ईमेलबाट जानकारी प्राप्त गर्न सकिन्छ ।
८. यस सूचनामा उल्लेख गरिएका शर्तहरू यसै सूचना बमोजिम र अन्य आवश्यक कुराहरूको हकमा यसै संस्थाको बन्दोबस्ती तथा खरिद नियमावलि २०२३ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

**ग्रामीण विकास केन्द्र नेपाल**
गौर, रौतहट, मधेशप्रदेश
फोन.नं.९८४५०९७९१७/ ०५५-५२०२४०


# संसदमा कानुन बन्ने प्रक्रिया लामो छ

*‘स्थानीय तहले कुनै कर्मचारीको सरुवा गर्न वा कर्मचारी चाहियो भनेर केन्द्रमा धाउनुपरेको छ, काम गर्नका लागि कमर्चारी पनि पाएको छैन् । प्रदेशमा पनि त्यस्तै हालत छ । तसर्थ थुप्रै कानुन बनाउनुपर्ने छ ।*

***रामकृष्ण यादव***
*सांसद, धनुषा क्षेत्र नं–२*



- आवश्यक कानुन बन्न नसक्दा प्रदेश र स्थानीय तहमा समस्या
- युवालाई विदेश पलायनबाट रोक्न नसके व्यवस्थामाथि खतरा
- सत्तामा कसरी टिकिराख्ने भन्ने भावनाले सांसद ग्रसित
- विषयवस्तुमा आधारित रहेर सन्दर्भ र यथार्थपरकरूपमा बोल्नुपर्ने सुझाव

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं धनुषा क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित रामकृष्ण यादवको पनि अन्य सांसदको जस्तै संसद्मा बोलेका विषय कार्यान्वयन नहुने गरेको गुनासो छ । पार्टी र संसदीय क्षेत्रमा लामो अनुभव सँगालेका उनले संसद्को शून्य, विशेष र आकस्मिक समयमा जनताका आवाज उठाउने काममात्र भएको तर कार्यान्वयन पक्ष फितलो रहेको उल्लेख गरे । विसं २०३४ देखि नेपाल विद्यार्थी सङ्घबाट कांग्रेसको राजनीतिमा प्रवेश गरेका उनले सदनमा उठेका विषय कार्यान्वयनमा सरकारबाट प्रभावकारी भूमिका नदेखिएको बताए । सदनले आवश्यक मात्रमा कानुन बनाउन नसकेको भन्ने सन्दर्भमा उनले भने, ‘संसद्मा कानुन बन्ने प्रक्रिया पनि लामो छ, सरकारले पर्याप्त मात्रामा बिजनेस पनि दिन सकेको छैन, अर्को कुरा दलहरूबीच सहमति हुन नसक्दा कतिपय संविधानको कार्यान्वयनसँग जोडिएका महत्त्वपूर्ण कानुन बन्न सकेका छैनन्, यससँगै कतिपय अवस्थामा प्रतिपक्षी दलको अवरोधले पनि संसद्ले सहजरूपमा काम गर्न पाएको हुँदैन ।’ विसं २०४६ र त्यसपछिका लोकतन्त्र तथा गणतन्त्रका लागि भएका आन्दोलनमा लोकतन्त्रका लागि विभिन्न सङ्घर्ष गर्नुका साथै र पटक–पटक जेल परेका उनी कांग्रेसमा क्षेत्रीय सभापति, जिल्ला सचिव, जिल्ला सभापति हुँदै पार्टीको १३औँ महाधिवेशनदेखि हालसम्म केन्द्रीय सदस्य छन् । संसद्मा सङ्घीयता कार्यान्वयनका आवश्यक कानुन बन्न नसक्दा प्रदेश र स्थानीय तहले आवश्यक काम गर्न नसकेको तीनै तहका सरकारबीच आपसी समान्वय पनि हुन नसकेको सांसद यादवको भनाइ छ । उनले भने, ‘स्थानीय तहले कुनै कर्मचारीको सरुवा गर्न वा कर्मचारी चाहियो भनेर केन्द्रमा धाउनुपरेको छ, काम गर्नका लागि कमर्चारी पनि पाएको छैन् ।
प्रदेशमा पनि त्यस्तै हालत छ । तसर्थ थुप्रै कानुन बनाउनुपर्ने छ । दलहरूबीच सहमति हुन नसक्दा महत्त्वपूर्ण कानुन बन्न सकेका छैनन् ।’ दलहरूबीच सत्ता भएका बेला एकथरि धारणा बनाउने र प्रतिपक्षमा भएका बेला अर्को विचार बनाउने समस्याका कारण पनि कतिपय अवस्थामा सदनले प्रभावकारी काम गर्न नसकेको अनुभव सांसद यादवले सुनाए । सत्तामा कसरी टिकिराख्ने भन्ने भावनाले संविधान कार्यान्वयनका लागि आवश्यक कानुन बन्न नसकेको र जनताका अपेक्षा पूरा गर्न नसकेको उनको धारणा छ । विसं २०१९ मा धनुषामा जन्मिएका उनले मुलुकका भ्रष्टाचारका प्रकरण र अनियमितताका विषयमा सत्य, तथ्य छानबिन गरी त्यसमा संलग्न दोषीलाई जो–केही भए पनि कारबाहीको दायरामा ल्याउन सबै दल एकजुट हुनुपर्ने सुझाव दिए । साथै उनले भ्रष्टाचार र अनियमितताका सम्बन्धमा सदनमा उठेका विषयमा सरकार गम्भीर हुनुपर्ने र नियन्त्रणका कडारूपमा प्रस्तुत हुनुपर्ने बताए । ‘तर विडम्बना संसद्मा कुरा उठ्छ तर समाधानमा एकता हुँदैन, कार्यान्वयनमा उदासिनता देखिन्छ’, सांसद यादवले भने । जनताका अपेक्षाअनुसार विकास निर्माण हुन नसक्दा र रोजगारी दिन नसक्दा युवाहरू कामका लागि विदेशिन बाध्य भएकोप्रति चिन्ता व्यक्त गर्दै उनले यो विषयलाई समयमै समाधान गर्न सकिएन भने अहिलेको राजनीतिक व्यवस्थाको भविष्य नै खतरामा पर्न सक्ने उल्लेख गरे ।
सांसदको प्रमुख काम कानुन निर्माण भए पनि जनताको अपेक्षा र जनताबीच गरेका वाचा पूरा गर्न पनि सांसदले केही विकास निर्माणका काममा लाग्नुपर्ने बाध्यता रहेको उनको तर्क छ । सांसद यादवले भने, ‘प्रजातान्त्रिक मुलुकमा जनताले आफ्ना प्रतिनिधिबाट विकास निर्माणको अपेक्षा गरेका हुन्छन् । हरेक जनताले आफ्ना जनप्रतिनिधिबाट बाटो, पुल, स्वास्थ्यचौकी, विद्यालय, खानेपानी, सिँचाइको अपेक्षा गरेका हुन्छन्, सरकारले पनि पूरा गर्न सकेको छैन भने सांसद पनि त्यसमा लाग्नैपर्छ । यसलाई अन्यथा सोच्नु हुँदैन र यस्तो प्रचलन विश्वका धेरै देशमा रहेको छ ।’ सदनमा केही सांसदले सस्तो लोकप्रियताका लागि गर्ने व्यवहार र शब्द चयनका सन्दर्भमा उनले संदनको मर्यादाका लागि सांसदहरूले विषयवस्तुमा आधारित रहेर सन्दर्भ र यथार्थपरकरूपमा बोल्नुपर्ने सुझाव दिए । जनताका प्रतिनिधिको उच्च थलो जनताबाट चुनिएर राष्ट्रको जिम्मेवारीका साथ आएका सांसदले सधैँ संयमित र अनुशासित भएर बोल्नुपर्ने तथा प्रस्तुत हुनुपर्ने उनको सुझाव छ । संसद्को नियमावलीअनुसार अनुशासित भएर अरुलाई मानमर्दन नहुने गरी सदनको मर्यादा कायम राख्नुपर्ने उनले बताए । सांसद यादवले आफू सदनमा सधैँ जिम्मवारीपूर्वक प्रस्तुत हुने गरेको र जनतासँग गरेका बाचा पूरा गराउन तथा जनजीविकाका सवाल उजागर गर्नमा सधैँ दत्तचित्त भएर लागेको दाबी गरे । तत्कालीन संविधानसभामा धनुषा क्षेत्र नं २ बाट निर्वाचित उनी पहिलो संविधानसभामा हुँदा सार्वजनिक लेखा समितिको सभापति र दोस्रो संविधानसभापछि कृषि विकासमन्त्री भएका थिए ।

# पोखरा विमानस्थलबारे पर्यटनमन्त्रीलाई ज्ञापन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण र यसले नेपालको सार्वभौमिकतामा पार्ने सम्भावित खतराबारे अवगत गराउँदै राष्ट्रिय एकता अभियानले संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीलाई ज्ञापन बुझाएको छ । अभियानका केन्द्रीय संयोजक विनय यादव, वरिष्ठ नेता बिपी यादव, महासचिव डा. प्रभात कुशवाहा महिला नेतृ रीता साह, युवा विभाग संयोजक दिवस पटेल, केन्द्रीय सदस्य चन्द्र यदुवंशी, जीवन साह, सुजन यादवलगायतको टोलीले मन्त्री किरातीलाई ज्ञापन बुझाएका हुन् ।
यस्तो छ ज्ञापन पत्रः
चीनले दाबी गरेअनुसार बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) ऋण अन्तर्गत निर्माण गरिएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको सम्भावित असरप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई यसबाट राष्ट्रिय सार्वभौमसत्तामाथि नै उत्पन्न हुनसक्ने संकटलाई बेला मै ध्यानमा राख्दै तत्काल केही पारदर्शी पहल आवश्यक रहेको हाम्रो ठहर छ ।
सरोकारको कारणहरूः



१. ऋणको जालः श्रीलंकाको हम्बनटोटा बन्दरगाहको उदाहरणले चिनियाँ ऋणको जाल नेपालका लागि पनि खतरनाक हुन सक्छ भन्ने स्पष्ट चेतावनी दिन्छ । ऋण तिर्न नसकेपछि श्रीलंकाले ९९ वर्षसम्मको लागि सो बन्दरगाहको नियन्त्रण चिनियाँ कम्पनीलाई सुम्प्नुपरेको थियो । यस्तै अवस्था पोखरा विमानस्थलमा पनि आउन सक्छ, जहाँ नेपालले रणनैतिक रूपले समेत महत्वपूर्ण पूर्वाधारमा नियन्त्रण गुमाउन सक्छ ।
२. अस्पष्ट वित्तीय योजनाः परियोजनाको वित्तिय योजनामा पारदर्शिताको अभाव पनि चिन्ताजनक छ । जनतालाई ऋण सम्झौताको प्रत्येक विवरण, जस्तै कि भुक्तानी तालिका, ब्याज दर र धितो जान्नको अधिकार छ । पारदर्शिता बिना लुकेका दफाहरू वा प्रतिकूल सर्तहरूको जोखिम कायम रहन सक्छ, जसले नेपालको आर्थिक र रणनीतिक हितलाई हानि पुर्याउन सक्छ ।
३. सार्वभौमिकताको चिन्ताः पूर्वाधारका लागि चिनियाँ ऋणमा अत्यधिक निर्भरताले नेपालको दीर्घकालीन रणनीतिक स्वायत्ततालाई कमजोर बनाउँछ । चीनमाथिको बढ्दो निर्भरताले नेपालको स्वदेशी तथा विदेश नीति निर्णयहरूमा चीनलाई अनुचित फाइदा पुर्याउन सक्छ, जसले सार्वभौमसत्ता र स्वाधीनतामा खलल पार्न सक्छ ।
**सुझावहरूः**
यी चिन्ताहरूलाई ध्यानमा राख्दै, हामि मन्त्रालयलाई निम्नलिखित आग्रहहरू गर्दछौः
१. सार्वजनिक खुलासाः पोखरा विमानस्थल ऋण सम्झौताको पूर्ण विवरण तत्काल सार्वजनिक गर्नुहोस् । पारदर्शिताले सार्वजनिक विश्वास निर्माण गर्न र दुरुपयोग रोक्न मद्दत गर्नेछ । साथै, यस बिमानस्थलको निर्माणको क्रम वास्तविक लागत निकै बढी खर्च, तुलनात्मक रूपमा पनि पोखरा बिमानस्थलल भैरहवा अन्तर्राष्ट्रिय बिमानस्थलभन्दा निकै महङ्गो परेको चौतर्फी प्रश्न उठिरहेको बेला त्यसको निक्र्योलको लागि समेत एक निश्पक्ष छानबिन समिती बनाउन अवस्यक छ ।
२. वित्तको विविधीकरणः बहुपक्षीय संस्थाहरू, अन्तर्राष्ट्रिय साझेदारी वा स्वदेशी लगानी मार्फत, चिनियाँ ऋणभन्दा बाहिर गएर वित्त पोषणको विविधता बढाउनुहोस् । यसले कुनै एक देशमाथिको निर्भरता घटाउने र रणनीतिक स्वायत्ततालाई बलियो बनाउनेछ ।
३. राष्ट्रिय हितलाई प्राथमिकताः सबै पूर्वाधार आयोजनाहरूमा राष्ट्रिय हितलाई उच्च प्राथमिकता दिइयोस । कुनै पनि सम्झौताले नेपालको भौगोलिक अखण्डता, आर्थिक स्वाधीनता वा राजनीतिक निर्णय गर्ने शक्तिमा सम्झौता नगर्ने सुनिश्चित गर्नुहोस् ।
४. ऋणलाई अनुदानमा रूपान्तरणः एक असल छिमेकीको नाताले हामी चीनसंग लिएको ऋणलाई अनुदानमा रूपान्तरण गर्न आग्रह गर्नसक्छौ । यसकालाई मन्त्रालयले पक्कै पनि एक उपयुक्त कदम चाल्ने हाम्रो विश्वास छ, भनिएको छ ।

# रुपेश स्वर्णकार हत्या प्रकरण: एघार जनाविरुद्ध अदालतमा अभियोग पत्रदर्ता




**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको कलैया उपमहानगरपालिका ६ निवासी बाल एकता बोर्डिङ स्कुलका प्रिन्सिपल रुपेश स्वर्णकारको हत्यामा संलग्न रहेको आरोपमा उनकी प्रेमिका भनिएकी राधा गुप्तासहित ११ जनाविरुद्ध अदालतमा अभियोग पत्र दर्ता भएको छ । जिल्ला अदालत बारामा स्वर्णकारको हत्या आरोपमा ११ जनाविरुद्ध अभियोग पत्र दर्ता भएको अदालतका सूचना अधिकारी कृष्णप्रसाद दाहालले जानकारी दिनुभयो । सरकारी वकिलको कार्यालयले सोमबार नै अभियोग पत्र दर्ता गराएको तथा उक्त पत्र ९९ पृष्ठको रहेको उहाले बताउनुभयो । उनीहरुविरुद्ध संगठित अपराध मुद्दामा कर्तव्य ज्यान, हात हतियार तथा खरखजाना, लागुऔषधलगायतको अभियोग लगाइएको छ । उनकी प्रेमिका भनिएकी राधा गुप्ता, कौशल किशोर यादव, बिगु साह, अरुण यादव, चन्द्रिका यादव, प्रविण साह र सन्तोष प्रसादविरुद्ध अभियोगपत्र दर्ता गराइएको हो । दुई जना अभियुक्तलाई जिल्ला सरकारी वकिल कार्यालयले हाजिर जवानीमा छोडेको छ भने दुई जना फरार छन् । गत कात्तिक १३ गते कलैयामा दिउँसै गोली प्रहार गरी रुपेश स्वर्णकारको भारतीय सुटरहरुले हत्या गरी फरार भएका थिए । सोही दिन प्रहरीले उनकी प्रेमिकासहित केहीलाई पक्राउ गरेको थियो । तर मुख्य सुटर भनिएका भारत निवासी सुजित सिंह, चन्चल पाण्डेसहित चार जना फरार भएका थिए । सोहीक्रममा केही दिन पहिले बारा प्रहरीले सुजितलाई गोली प्रहार गरी बाराको विश्रामपुर गाउँपालिका वडा नम्बर ३ स्थित नेपाल–भारत सीमानाकाबाट पक्राउ गरेको थियो ।

# पर्सागढीले विजयउत्सव महोत्सव मनाउने



**मधेशद्दष्टि**
**वीरगंज ।**
पर्साको पर्सागढी मन्दिर व्यवस्थापन समितिले यसपालि पनि विजय उत्सव महोत्सव मनाउने निर्णय गरेको छ ।विक्रम सम्बत् १८७१ पौष १९ गते स्थानीय रंजित चौधरीको कुशल युद्ध नीति तथा स्थानीयवासीहरुको सक्रियतामा आधुनिक हतियार बोकेका ब्रिटिश भारतका विशाल सेनालाई पराजित गरेर गोर्खाली सेनाले हासिल गरेको ऐतिहासिक विजयको सम्झानामा विजय महोत्सवको आयोजना गरिने व्यवस्थापन समितिका अध्यक्ष वृजमोहन चौधरीले जानकारी दिए । पर्सागढी नगरपालिकाको पनि आर्थिक सहयोग, नेपाली सेनाको सहभागीता तथा स्थानीयको सहभागितामा पर्सागढी मन्दिर व्यवस्थापन समितिले २१० औँ विजय महोत्सव आयोजना गर्न लागेको मंगलबार पत्रकार सम्मेलन आयोजना गरी जानकारी गराइएको हो । नेपाली सेनाको एकीकरण मार्ग कार्यक्रमलाई निरन्तरता दिँदै पर्सागढी विजय महोत्सव कार्यक्रम पर्सागढी नगरपालिकाको कार्यालय हरपुरमा पुष १९ गते विहान १० बजे मनाइने छ । विभिन्न झाँकी एव् नेपाली सेनाको टोलीका साथ बाजागाजा सहित हर्षोल्लासका साथ पदयात्रा गर्दै पर्सागढी मन्दिर परिसरमा पुगी विजय महोत्सव कार्यक्रममा परिणत हुने पर्सागढी नगरपालिकाका प्रमुख गाकर्ण पाठकले बताए ।मन्दिर परिसरमै आयोजित पत्रकार सम्मेलनमा पर्सागढी नगरपालिकाका मेयर गोकर्ण पाठक, मन्दिर व्यवस्थापन समितिका अध्यक्ष एवम् पूर्वगाविस अध्यक्ष वृजमोहन चौधरी, स्थानीयवासी तथा विभिन्न संचार माध्यममा आबद्ध पत्रकारहरुको सहभागिता रहेको थियो ।

# अमेरिकाबाट पार्सलमा आएको गाँजासहित ३ जना नियन्त्रणमा



**मधेशद्दष्टि**
**बारा ।**
जिल्ला प्रहरी कार्यालय बाराले अमेरिकाबाट हुलाकमार्फत आएको लागूऔषध गाँजासहित तीन जनालाई महानगरपालिका वडा नं.१ टोल सिसवावारी बस्ने २२ वर्षीय नैमोदिन मियाँ, सोही वडाका बजार छपकैया बस्ने वर्ष २७ का जितेन्द्र साह सोनार र सोही स्थानका २२ वर्षीय कृष्णा सराफ रहेका



नियन्त्रणमा लिएको छ । विदेशबाट लागु औषध डिलेभरी हुँदैछ भन्ने सूचनाको अधारमा जिल्ला प्रहरी कार्यालय बारा र लागु औषध ब्यूरो वीरगंज शाखाबाट खटिएको संयुक्त प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको हो ।

प्रहरीले मंगलबार दिउँसो ३ बजे कलैया उप–महानगरपालिका वडा नं.१ मोतिबागस्थित जिल्ला हुलाक कार्यालय कलैया नजिकबाट विदेशबाट आएको गाँजाको कार्टुनसहित उनीहरुलाई नियन्त्रणमा लिएको हो । पक्राउ पर्नेमा पर्साको वीरगंज छन् ।

उनीहरुलाई पपकर्न मिक्स ट्रियो लेखिएको रातो रंगको टिनको डब्बा भित्र गाँजा तीन प्याकेट, ओल्ड फ्यासन्ड ओट्स लेखिएको डब्बा भित्र गाँजा १ प्याकेट र क्विक ओट्स लेखिएको डब्बा भित्र गाँजा १ प्याकेट गरी जम्मा लागु औषध गाँजा १ किलो १४६ ग्राम बरामद गरिएको बारा प्रहरीले जनाएको छ । उनीहरुलाई नियन्त्रणमा लिई लागु औषध मुद्दा दर्ता गरी बारा जिल्ला अदालत बाट दिन पाँच दिनको म्याद थप गरी थप अनुसन्धान कार्य भई रहेको बारा प्रहरीले जनाएको छ ।

# व्यवस्था परिवर्तनको लागि जनआन्दोलनमा जोड




**मधेशद्दष्टि**
**महोत्तरी**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपालका अध्यक्ष कमल थापाले अहिलेको संघीय धर्मनिरपेक्ष गणतान्त्रिक ब्यवस्था असफल भएको भन्दै ब्यवस्था परिवर्तनको लागि जनआन्दोलनको तयारी गर्नुपर्नेमा जोड दिएका छन् । मंगलबार महोत्तरीको बर्दिबासमा पार्टीद्वारा आयोजित मधेस प्रदेश स्तरीय प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै थापाले जनताले अहिलेको भ्रष्टतन्त्र र ब्यवस्था परिवर्तन गर्न चाहेको भन्दै अहिलेको लथालिङ्ग भताभुङ्ग व्यवस्थाबाट मुक्ति चाहने हो भने आन्दोलनको विकल्प नभएको बताए । सनातन धर्मसंस्कृति पहिचान सङ्कटमा परेको, मुलुकको आर्थिक अवस्था कमजोर भएको, विदेशी चलखेल र प्रभाव बढेको भन्दै थापाले हिन्दु धर्म माथिको अपमान र थिचोमिचो सहन गर्न नसकिने बिचार व्यक्त गरे । धर्म परिवर्तनको डढेलोले सिङ्गो मुलुक आक्रान्त रहेको बताउँदै थापाले आन्दोलनको निमित्त सम्पूर्ण राष्ट्रवादी, प्रजातन्त्रवादी र देशभक्तहरू एक ठाउँमा उभिनुको विकल्प नभएको बताए । कार्यक्रममा बोल्दै पार्टीका उपाध्यक्ष राजिब पराजुलीले राप्रपा नेपालको नीति बिचार उपयुक्त भएको भन्दै संगठन निर्माणमा केन्द्रित हुन सबैमा आग्रह गरे । प्रशिक्षणमा तराई मधेस क्षेत्रका ९ जिल्लाका १७५ जना केन्द्र, जिल्ला, नगरका प्रतिनिधिहरूको सहभागिता रहेको छ ।

# पथलैयामा पटके सेन्टर संचालन




**मधेशद्दष्टि**
**बारा ।**
पथलैयामा अस्थायी रुट इजाजत शाखा (पटके सेन्टर) संचालनमा आएको छ । पटके सवारीको अनुमति लिन वीरगंज र हेटौडा जानुपर्ने अवस्थालाई अन्त्य गर्दै बारा जिल्ला स्थित यातायात व्यवस्था कार्यालयले पुस १६ गतेदेखि पथलैयामा अस्थायी रुट इजाजत शाखा संचालनमा ल्याएको हो । पथलैयामा संचालनमा आएको पटके सेन्टरलाई उद्घाटन गर्दै मधेश प्रदेश सरकारको श्रम रोजगार तथा यातयात मन्त्री चन्दन सिंहले पथलैयामा रुट इजाजत शाखा संचालनमा आएसँगै अब यातायात व्यवसायीलाई वीरगंज र हेटौडा जानुपर्ने बाध्यता अन्त्य भएको बताए । उनले मधेश प्रदेशको यातायात क्षेत्रमा रहेकाहरुको लागि सुखद पक्ष रहेको भन्दै पटके सेन्टर संचालनबाट पथलैयाबासीहरुको व्यापार क्षेत्रमा पनि मद्दत पुग्ने विश्वास व्यक्त गरे । कलैय उपमहानगरपालिका वडा नं. ३ गंगापुरस्थित मंसिर २५ गते उद्घाटन भई पुस ११ गतेदेखि सेवा संचालन गर्दै आएको यातायात व्यवस्था कार्यालय कलैयाले सवारीहरुको पटके इजाजत लिन वीरगंज हेटौडा जानुपर्ने बाध्यताअन्त्य गरेको छ । पटके सेवा सहज पु¥याउने उद्देश्यले पुस १६ गतेदेखि हेटौडा–वीरगंज एवं पूर्व पश्चिम राजमार्गको बीचमा पर्ने पथलैयामा पटके सेन्टर संचालनमा ल्याएको हो । यस कार्यालयबाट पटके सम्बन्धी सम्पूर्ण सेवाहरु प्रदान गरिने र शाखाबाट २४ औं घण्टा सेवा प्रदान गरिने यातायात व्यवस्था कार्यालय बाराका प्रमुख नवाज हुसेनले बताए । कार्यक्रममा बोल्दै जीतपुरसिमरा उपमहानगरपालिकाका प्रमुख राजन पौडेलले पथलैयामा अस्थायी रुट इजाजत शाख (पटके सेन्टर) संचालन हुन सुखद पक्ष रहेको बताए । कार्यक्रममा मधेश प्रदेश सभा सदस्य देवनारायण चौधरी, यातायात व्यवस्था कार्यालय पर्साका प्रमुख उमेश रेग्मी, जनमत पार्टीका पर्सा अध्यक्ष ओमप्रकाश सर्राफ, भिमेश्वर मध्यवर्ती सामुदायिक वनका अध्यक्ष पेश्न मुल्मी, ट्राफिक प्रहरी नायब उपरीक्षक माधव काफ्ले लगायतको उपस्थिति रहेको थियो ।

# कर्मचारीलाई कारबाही माग



**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाका शिक्षा शाखाका कर्मचारीलाई कारबाही माग गरिएको छ । कर्मचारी मेहिलाल यादव र अञ्जु पाण्डेयले मंगलबार हिमाली इङ्गलिस बोर्डिङ स्कूलका संस्थापक दीपेन्द्र साहसँग अभद्र व्यवहार गरेको आरोप लगाउँदै उनीहरूमाथी करबाहीको माग गरिएको हो ।
यादव र पाण्डेयले उपमहानगरपालिकाको कार्यालयमै अपशब्द प्रयोग गरेको प्याब्सन र एनप्याब्सनद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । 'शिक्षा शाखाका कर्मचारी यादव र पाण्डेले सबै बोर्डिङ्ग स्कुल अवैध हुन्, सबैलाई जेलमा कोच्छु' जस्ता अपशब्द प्रयोग गरेको विज्ञप्तिमा उल्लेख छ ।
प्याब्सन र एनप्याब्सनले कर्मचारीलाई कारबाही नगरिए थप आन्दोलनको चेतावनी दिइएको छ ।





## बिहान ५ बजे नै पिडिएफ उपलब्ध

मधेशद्दष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशद्दष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशद्दष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।





## शीतलहर तथा चिसोबाट बच्ने उपायहरू

**प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

**वीरगंज महानगरपालिका**
**वडा नं. १५ को कार्यालय**


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन